# तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो

(२०८१/८२–२०८५/८६)

(उन्नत तथ्याङ्क उन्नत जीवन)

२०८२

**विषयसूची**


| क्र.सं. | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिच्छेद १ः तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) को पृष्ठभूमि<br>१. ऐतिहासिक पृष्ठभूमि<br>२. कानुनी व्यवस्था<br>३. विद्यमान सामाजिक आर्थिक परिवेश र तथ्याङ्कको बढ्दो आवश्यकता<br>४. सोह्रौं योजना र तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति | १-५ |
| २ | परिच्छेद २ः तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, प्रथमको समीक्षा<br>१. परिचय<br>२. कार्यान्वयनको स्थिति<br>३. रणनीति, प्रथमको सबल र दुर्बल पक्षको विश्लेषण | ६-९ |
| ३ | परिच्छेद ३ः तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (NSDSS – II)<br>१. नयाँ रणनीतिको आवश्यकता,<br>२. दूरदृष्टि (Vision)<br>३. लक्ष्य (Mission)<br>४. उद्देश्य (Objective)<br>५. रणनीति तथा कार्यनीति | १०-१८ |
| ४ | परिच्छेद ४ः निर्धारित तथ्याङ्क प्रणाली व्यवस्थापन<br>१. निर्धारित तथ्याङ्क प्रणाली<br>२. राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्धारित क्रियाकलाप<br>३. अन्य सरकारी तथा सार्वजनिक संस्थाका निर्धारित क्रियाकलाप<br>४. प्रदेशस्तरीय तथ्याकीय क्रियाकलाप | १८-२५ |
| ५ | परिच्छेद ५ः कार्यान्वयन तथा अनुगमन<br>१. कार्यान्वयन व्यवस्थापन<br>२ रणनीति कार्यान्वयनमा सम्भाव्य जोखिमको विश्लेषण | २६-२७ |
| ६ | परिच्छेद ६ः प्राथमिकताका क्रियाकलाप | २७-२८ |
| ७ | अनुसूची<br>१. राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कीय पात्रो<br>२. अन्य सरकारी तथा सार्वजनिक संस्थाका निर्धारित क्रियाकलाप | २९-३८ |

# परिच्छेद १ः पृष्ठभूमि

## १.१. ऐतिहासिक पृष्ठभूमि

नेपालमा आधिकारिक तथ्याङ्कको आरम्भ वि.सं. १९६८ मा तोकिएको प्रश्नावलीको ढाँचासहित नेपालभर सञ्चालित जनगणनाबाट भएको मानिन्छ। जसलाई तथ्याङ्क वृत्तमा मुड गन्ती (Head Count) का रूपमा चिनिन्छ। वि.सं. २००९/११ मा सञ्चालित राष्ट्रिय जनगणनालाई अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य नेपालको प्रथम आधुनिक जनगणनाको रूपमा लिइन्छ। त्यसअघि जनसङ्ख्यासम्बन्धी तथ्याङ्क "जनसङ्ख्या गोश्वारा" द्वारा तथा उद्योग व्यापारसम्बन्धी तथ्याङ्क "औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा" मार्फत सङ्कलन गरिन्थ्यो र तथ्याङ्क सङ्कलन कार्य इस्तिहार वा सरकारी सूचित आदेशबमोजिम सञ्चालन हुन्थ्यो। वि.सं. २००६ मा तत्कालीन "जनसङ्ख्या गोश्वारा" र "औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा" गाभेर सङ्ख्या विभाग स्थापना भयो। तथ्याङ्क ऐन, २०१५ जारी भएसँगै वि.सं. २०१५ पौष १७ गते केन्द्रीय तथ्याङ्क विभाग स्थापना भएपछि तथ्याङ्कीय क्रियाकलापहरूको सञ्चालनमा व्यापकता आयो। तथ्याङ्क ऐन, २०१५ बमोजिम त्यस बखत प्रायः केन्द्रीकृत रूपमा तथ्याङ्कीय क्रियाकलाप सञ्चालन हुने व्यवस्था गरिएको भए तापनि तथ्याङ्कको बढ्दो मागका कारण मन्त्रालय, विभाग तथा सार्वजनिक संस्थाहरूले आआफ्ना आवश्यकतानुसार तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्न सुरु गरे र व्यवहारमा तथ्याङ्कीय क्रियाकलापहरू क्रमशः विकेन्द्रित भए। स्वभावतः तथ्याङ्क सङ्कलनमा यदाकदा दोहरोपना देखिए र फरक फरक तथ्याङ्कीय अवधारणा एवं सङ्कलन विधिको प्रयोगका कारण उत्पादित केही तथ्याङ्कमा विसङ्गतिसमेत देखिए भने कतिपय महत्त्वपूर्ण सामाजिक तथा आर्थिक क्षेत्रमा तथ्याङ्कको अभाव कायमै रह्यो। नेपालको आधिकारिक तथ्याङ्क प्रणालीमा सुधार गर्ने एवं सङ्घीय शासन प्रणालीको आवश्यकतालाई समेत सम्बोधन गर्ने उद्देश्यले तथ्याङ्क ऐन, २०७९ जारी भई कार्यान्वयनमा आइसकेको छ।

नेपालमा हाल आवधिक रूपमा जनगणना, कृषि गणना, आर्थिक गणना जस्ता पूर्ण गणना र नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रम शक्ति सर्वेक्षण, नेपाल बहु-सूचक सर्वेक्षण, नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, पारिवारिक बजेट सर्वेक्षण, राष्ट्रिय औद्योगिक सर्वेक्षण, मूल्य सर्वेक्षण तथा सेवा क्षेत्रका सर्वेक्षणहरू सञ्चालनमा आइरहेका छन्। सालबसाली रूपमा राष्ट्रिय लेखा तथ्याङ्क, समष्टिगत आर्थिक तथा वित्तीय सूचकहरू र शोधनान्तर स्थितिको अनुमान उपलब्ध हुने गरेका छन्। त्यस्तै, जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ आदि व्यक्तिगत घटना दर्ताका प्रशासनिक अभिलेखमार्फत जनसङ्ख्या तथा सामाजिक तथ्याङ्क पनि उपलब्ध हुने गरेका छन्।

## १.२. कानुनी व्यवस्था

### १.२.१ नेपालको संविधान

नेपालको संविधानले तथ्याङ्क व्यवस्थापनको विषयमा सरकारका तीन तहलाई अधिकार प्रदान गरेको छ। सङ्घीय निकायको जिम्मेवारी तथ्याङ्क प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्नु, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तरको निर्धारण र पालना गर्नु गराउनु, राष्ट्रिय स्तरका गणना तथा सर्वेक्षण सञ्चालन गर्नु, अन्य विभिन्न स्रोतबाट तथ्याङ्क उत्पादन तथा आपूर्ति गर्नु आदि तोकिएको छ। यस्तै, प्रदेश सरकारले प्रदेश तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी तोकिएको छ भने स्थानीय तहलाई स्थानीय तथ्याङ्क र स्थानीय अभिलेखको व्यवस्थापन गर्ने जिम्मेवारी तोकिएको छ। त्यसै गरी सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको

सूचीमा व्यक्तिगत घटनाका तथ्याङ्क जस्तो जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ आदि रहेको छ। साथै, नेपालको संविधानमा जनगणनाको तथ्याङ्कको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिने, समानुपातिकतर्फको निर्वाचनको सिट सङ्ख्या निर्धारण गरिने र जनसाङ्ख्यिक सामाजिक तथा आर्थिक सूचकहरूको आधारमा प्रदेश तथा स्थानीय तहको लागि वित्तीय स्रोतको बाँडफाँट गरिने आदि विषय उल्लेख गरिएका छन्।

### १.२.२ तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८०

तथ्याङ्क सङ्कलन, प्रशोधन, उत्पादन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समयसापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीय तहको नीति निर्माण, कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन तथ्याङ्क ऐन, २०१५ विस्थापित गरी तथ्याङ्क ऐन, २०७९ जारी गरिएको छ। यस ऐनमा राष्ट्रिय तथ्याङ्क कार्यालयलगायतका सरकारी निकाय (सङ्घ, प्रदेश र स्थानीय तह) तथा सार्वजनिक संस्थाअन्तर्गत सञ्चालन हुने तथ्याङ्कीय क्रियाकलाप तथा तिनले सङ्कलन गरेका तथ्याङ्क एकीकृत प्रणालीमा आबद्ध गर्न राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने, तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्ने व्यवस्था गरिएको छ। साथै, ती निकायले सङ्कलन गरेका तथ्याङ्कको वैधता परीक्षण गर्न सक्ने व्यवस्था पनि गरिएको छ। एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, समन्वय र नियमन गर्ने प्रयोजनको लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा २६ सदस्यीय राष्ट्रिय तथ्याङ्क परिषद् गठन हुने व्यवस्था गरिएको छ। उक्त परिषद्लाई तथ्याङ्कसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति तथा रणनीति तर्जुमा तथा स्वीकृत गर्ने जिम्मेवारी प्रदान गरिएको छ। त्यस्तै सङ्घ, प्रदेश एवं स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने, तथ्याङ्क उत्पादकहरूबिच समन्वय कायम गर्ने र निर्देशन दिने, तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन तथा सोको नतिजा प्रकाशनसम्बन्धी विगतका कामकारबाहीको समीक्षा गरी आवश्यकतानुसार सम्बन्धित निकायलाई निर्देशन दिने आदि काम, कर्तव्य र अधिकार तोकिएको छ। साथै, ऐनमा राष्ट्रिय तथ्याङ्क कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने व्यवस्था गरी कार्यालयको प्रमुखमा विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था गरिएको छ। तथ्याङ्क नियमावली, २०८० मा निर्धारित तथ्याङ्कका साथै व्यवस्थापन सूचना प्रणाली सुधारको लागि समन्वय संयन्त्रको व्यवस्था गरिएको छ।

### १.२.३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था गरिएको छ। प्रत्येक गाउँपालिका र नगरपालिकाका अधिकारप्राप्त कर्मचारीले तथा विदेशस्थित नेपाली नियोगमा पञ्जीकरणसम्बन्धी कार्य गर्न तोकिएको कर्मचारीले केन्द्रीय पञ्जिकाधिकारीको मातहतमा व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था छ। त्यस्तै, उक्त ऐनअनुसार सङ्कलन भएका वैयक्तिक तथा जैविक विवरणको एकीकृत भण्डारण तथा उपयोगको लागि केन्द्रीय विद्युतीय तथ्याङ्क भण्डार रहने र विभिन्न सरकारी कार्यालय तथा निकायमा रहेको तथ्याङ्क भण्डारणबिच सम्पर्क स्थापना गरी आबद्ध गर्न सकिने समेत उल्लेख छ।

### १.२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

यस ऐनमा स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापनसम्बन्धी व्यवस्था छ। व्यक्तिगत घटनाहरू जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद,

बसाइँसराइ दर्ताका साथै पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन गर्न सकिने व्यवस्था छ। यस ऐनमा स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलनसम्बन्धी कार्यका साथै सार्वजनिक तथा सामुदायिक सम्पत्तिसमेतको अभिलेख नवीनतम प्रविधियुक्त राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्ध गरी पार्श्वचित्र तथा स्रोत नक्सासहित अद्यावधिक गर्ने, अनुगमन र नियमन गर्ने व्यवस्था गरिएको छ।

### १.२.५ नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८

नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंङ्कले आफनो कार्यसम्पादन गर्न आफैं वा नेपाल सरकार वा अन्य निकायबाट आफूलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन, सङ्ग्रह तथा वितरण गर्न सकिने व्यवस्था गरिएको छ।

## १.३. विद्यमान सामाजिक आर्थिक परिवेश र तथ्याङ्कको बढ्दो आवश्यकता

वस्तुतः नेपालको विकास व्यवस्थापनको लागि विद्यमान सामाजिक आर्थिक स्थिति प्रतिबिम्बित गर्ने गुणस्तरीय तथा अद्यावधिक तथ्याङ्कको आवश्यकता पर्दछ। हाल उपलब्ध नेपालको समष्टिगत सूचकहरूले देशको मिश्रित अवस्थालाई दर्साउँछन्। समग्रमा, देशको आर्थिक वृद्धिदर विगत लामो समयदेखि औसत न्यून र स्थिर प्रायः रहने गरेको देखिन्छ। वैदेशिक व्यापार घाटा निरन्तर वृद्धि भइरहेको छ। शोधनान्तर स्थितिमा चालु वर्षमा सुधार भएको देखिए पनि जोखिममुक्त छैन। राजस्व सङ्कलन लक्ष्य अनुरूप वृद्धि हुन सकिरहेको छैन। पुँजीगत खर्चको लागि आन्तरिक वा बाह्य ऋणमा भर पर्नुपर्ने अवस्था प्रष्ट देखिन्छ। यसको सापेक्षमा राज्यको सामाजिक अवस्था भने उत्साहजनक छ। शैक्षिक तथा स्वास्थ्यका सूचकहरू क्रमशः सुधार हुँदै गइरहेका छन्। जन्म तथा मृत्युदर दुवैमा गत तीन दशकदेखि उल्लेख्य सुधार देखिएकोले नेपालीको औसत आयु ७१.३ वर्ष (वि.सं.२०७८) पुगेको छ। विद्यालय जाने उमेरका (पाँच देखि चौध वर्ष उमेर समूहका) बालबालिकामध्ये झन्डै शतप्रतिशत विद्यालयमा भर्ना भएका छन्। आर्थिक दृष्टिले सक्षम जनसङ्ख्या वृद्धि भएका कारण देश जनसाङ्ख्यिक लाभांश लिनसक्ने स्थितिमा देखिएको छ। तर, समयमा जनसाङ्ख्यिक लाभलाई राष्ट्रिय आय वृद्धिमा रूपान्तरण गर्न सकिएन भने आउने १५/२० वर्षपछि ज्येष्ठ नागरिकको सङ्ख्यामा हुने वृद्धिले राज्यको सामाजिक दायित्व बढ्ने देखिन्छ।

नेपालमा आन्तरिक र बाह्य बसाइँको प्रवृत्ति चुनौतीपूर्ण छ। राष्ट्रिय जनगणना २०७८ ले नेपालका ३४ जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको जनाएको छ। पहाडबाट तराई र गाउँबाट सहरतर्फको बसाइँसराइले सामाजिक तथा आर्थिक समस्यालाई थप गम्भीर बनाएको छ। नेपालको पछिल्लो राष्ट्रिय कृषिगणना, २०७८ अनुसार खेती गरिएको क्षेत्रफल (Cultivated land) मा गत दश वर्षमा करिब ३ लाख हेक्टरले कमी आएको छ। पढाइ तथा रोजगारीको लागि विदेशिने युवाको सङ्ख्या सालबसाली वृद्धि हुँदैछ। खर्चयोग्य राष्ट्रिय आयमा विप्रेषणको योगदान करिब एक चौथाइ रहेको र यसले हालको शोधनान्तर स्थितिमा सकारात्मक योगदान पुर्‍याएको देखिए पनि मुलुकमा दिगो आर्थिक वृद्धि र स्थिरता हासिल गर्न चुनौती खडा गरेको छ। यद्यपि, विगत तीन दशकमा गरिबीको दर ४२ प्रतिशतबाट घटेर २०७९/८० मा २० प्रतिशतमा झरेको अनुमान छ। कोभिडको प्रभाव, आर्थिक मन्दी, व्यापार घाटा, पर्यटन उद्योगमा अस्थिरता आदि भोगिसकेको नेपाली अर्थतन्त्रको आकारमा सामान्य वृद्धि भए तापनि राष्ट्रिय आय वितरणमा असमानताको खाडल बढ्दो छ।

उपरोक्त सामाजिक आर्थिक परिस्थितिले तथ्यमा आधारित योजना, नीति तर्जुमा तथा कार्यान्वयनको अनुगमनको लागि कस्ता तथ्याङ्क आवश्यक छन्, कति विस्तृत तहसम्म आवश्यक छन् र कस्ता तथ्याङ्क सङ्घ, प्रदेश तथा स्थानीय तहअनुसार आवश्यक छन् भन्ने इंगित गर्दछ। विशेषतः जनसङ्ख्याको बनावट, बसाइँसराइ, रोजगारी, बेरोजगारी, भूमिको उपयोग, कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रको उत्पादन, राष्ट्रिय आम्दानीको वितरण, उपभोग, बचत, पुँजी निर्माण, मूल्य, सार्वजनिक आयव्ययका अद्यावधिक तथ्याङ्कको छरितो आपूर्ति आवश्यक भएको छ भने कतिपय उत्पीडित सामाजिक समूहको बारेमा विस्तृत, गुणस्तरयुक्त तथा वास्तविक समयका तथ्याङ्कको माग बढ्दो छ। सार्वजनिक सूचनामा जनसाधारणको पहुँचको विषयमा सरोकार उत्तिकै टड्कारो रूपमा देखापरेको छ।

## १.४. सोह्रौं योजना र तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति

आर्थिक वर्ष २०८१/८२ देखि सोह्रौ योजना (२०८१/८२ – २०८५/८६) कार्यान्वयनमा आएको छ। सोह्रौं योजनाको सोच, सुशासन, सामाजिक न्याय र समृद्धिका परिमाणात्मक लक्ष्य हासिल भए नभएको मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउन यस रणनीतिको आवश्यकता देखिन्छ। सन् २०२६ बाट नेपाल अतिकम विकसित मुलुकको श्रेणीबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति (Graduation) हुँदै छ र विकासोन्मुख मुलुकमा स्तरोन्नतिका लागि आवश्यक गुणस्तरिय, भरपर्दो र अन्तर्राष्ट्रियस्तरको तुलनायोग्य तथ्याङ्कको सहज आपूर्तिका लागि यस रणनीतिले सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ। सरकारले दिगो विकासका लक्ष्य हासिल भए नभएको अनुगमन गर्न ३०१ वटा सूचकहरू पहिचान गरेको छ र सोही सूचकका आधारमा भएको प्रगतिको नियमित मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयार गर्न गुणस्तरीय तथ्याङ्क आपूर्तिका लागि राष्ट्रिय तथ्याङ्क पोर्टलको प्रभावकारी कार्यान्वयनका लागि यस रणनीतिको आवश्यकता देखिन्छ। यसै गरी दिगो विकास लक्ष्यको प्रगति मापनका लागि पनि तथ्याङ्कको अतिरिक्त माग हुने भएकोले तथ्याङ्क प्रणाली सुदृढ तुल्याउन जरुरी छ। नेपालमा अर्थतन्त्रको यथार्थपरक नीति तर्जुमा गर्न अदृश्य अर्थतन्त्रको आकार र गहिराई बारे तथ्याङ्क सङ्कलन गरी अर्थतन्त्रका विभिन्न चरहरूमा परेको प्रभाव बारे जानकारी गराउनु आवश्यक छ। वर्तमान राष्ट्रिय तथ्याङ्क प्रणालीमार्फत ती सूचकहरू तयारीको लागि निश्चित समयमा तथ्याङ्क आपूर्ति गर्नुपर्ने चुनौती छ। सङ्घ, प्रदेश तथा स्थानीय सरकारलाई योजना तर्जुमा, विकास व्यवस्थापन तथा अनुगमन/मुल्याङ्कन र उपलब्धि मापनका लागि खण्डीकृत (Disaggregated data) तथ्याङ्क आवश्यक पर्दछ। यसको लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरू बिचको समन्वयमा सुधार ल्याउनुका साथै एकीकृत तथ्याङ्क प्रणाली विकास गरी समयमा गुणस्तरीय तथ्याङ्कको आदानप्रदान गर्न तीनै तहमा तथ्याङ्क उत्पादन तथा वितरण गर्न सकिने क्षमता विकास गर्न आवश्यक देखिएको छ। सार्वजनिक सेवाहरूसँग राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको अन्तर आबद्धता तथा सङ्कलित तथ्याङ्क र त्यसको सुरक्षित, आधिकारिक एवं स्वचालित रूपमा हस्तान्तरण हुने प्रणालीको विकास गर्दै अनुसन्धानका तथ्याङ्कको आवधिक तथा नियमित प्रकाशन र प्रचारप्रसार गर्नका लागि समेत यस रणनीतिको आवश्यकता देखिन्छ। तहगत तथ्याङ्क सङ्कलन तथा सूचना आदानप्रदान र उपयोगका साथै स्थानीय तहमा रहेको वन, वातावरण, जैविक विविधता तथा जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क र प्रमाण सङ्कलन, अद्यावधिक, प्रमाणीकरणका लागि एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्न यस रणनीतिको अपरिहार्यता रहेको छ। एकै प्रकारको विवरण विभिन्न निकायबाट पटक पटक सङ्कलन नगरी एकीकृत रूपमा सङ्कलन गर्ने प्रणालीको विकास गर्न आवश्यक छ। आर्थिक, भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको

अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्कसहित सशक्त एवं साझा प्रणाली स्थापना गर्न जरूरी छ। हालै जारी भएको अनुगमन तथा मूल्याङ्कन ऐन, २०८१ को प्रभावकारी कार्यान्वयनका निम्ति पनि राज्यका सबै तहमा तथ्याङ्क प्रणाली मजबुत हुन वाञ्छनीय भएको छ। महिलाहरूले घरायसी सेवामा व्यतीत गरेको समय र परिश्रमलाई लेखाङ्कन तथा मूल्याङ्कन गर्ने पद्धति स्थापना गर्न आवश्यक छ।

विश्वमा सूचना प्रविधिको विकास भएअनुसार तथ्याङ्क व्यवस्थापनमा पनि उल्लेख्य परिवर्तन आएको छ। नेपालमा पनि तथ्याङ्क सङ्कलन, प्रशोधन, प्रकाशन, भण्डारण, प्रसारण तथा वितरण विधिमा नवीनतम सूचना प्रविधिको प्रयोग क्रमशः वृद्धि भइरहेको छ। गणना र सर्वेक्षण पारम्परिक तथ्याङ्कीय विधिमा सीमित नरही गैरपरम्परागत अर्थात् नयाँ विधिहरूको प्रयोगका साथ सञ्चालनमा आइरहेका छन्। यसै सन्दर्भमा तथ्याङ्कीय कार्यमा सैद्धान्तिक एकरूपता ल्याउन, दोहरोपना तथा विसंगति हटाई समयमा गुणस्तरीय तथ्याङ्क आपूर्ति गर्न र सङ्कलित तथ्याङ्कको आदानप्रदान गर्ने (Data sharing) संस्कृतिमा सुधार ल्याउनु अपरिहार्य भएको छ। यसर्थ तथ्याङ्क प्रदायक, तथ्याङ्क उत्पादक तथा प्रयोगकर्ता बिच निरन्तर संवादद्वारा लागतप्रभावी तथ्याङ्कीय कार्य सञ्चालन गर्दै समयमा गुणस्तरीय तथा सान्दर्भिक तथ्याङ्क आपूर्ति गर्ने पारिस्थितिक प्रणाली (Data Exchange Ecosystem) निर्माण गर्दै नेपालको तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा गर्नु वाञ्छनीय छ।

साथै, तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र विस्तार गरी विद्युतीय प्रणालीमा आबद्ध गर्ने, तहगत सरकारका लागि आवश्यक तथ्याङ्क उत्पादन, विश्लेषण, प्रकाशन तथा आदानप्रदानका लागि आवश्यक पूर्वाधार तथा कार्य संरचना स्थापना गरी सञ्चालन गर्ने, गुणस्तरीय तथ्याङ्कीय आधार तयार गर्न अन्तर्राष्ट्रिय मापदण्ड, वर्गीकरण तथा ढाँचा लागु गर्ने, तहगत सरकारका तथ्याङ्कीय एकाइको सुदृढीकरणको लागि प्रविधि, स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन तथा विकास गर्ने, सर्वेक्षण क्यालेन्डर तयार गरी गणना तथा सर्वेक्षण सञ्चालन गर्ने र सबै तह, निकाय तथा क्षेत्रमा उत्पादित प्रशासनिक अभिलेखहरूको व्यवस्थापनमार्फत तथ्याङ्क उत्पादन गर्ने कार्यका लागि समेत यस रणनीतिको जरूरी देखिएको छ।

# परिच्छेद २

# तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति

# (२०७५/७६-२०७९/८०) को समीक्षा

## २.१. परिचय

तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति प्रथम, तत्कालीन मन्त्रिपरिषद्को निर्णयबमोजिम आ.व. (२०७५/७६-२०७९/८०) को अवधिमा कार्यान्वयन गर्ने गरी लागु गरिएको थियो। तथ्यमा आधारित नीति निर्माणका लागि तथ्याङ्क भन्ने नारा रहेको उक्त रणनीतिका निम्न तीन ओटा प्रमुख उद्देश्य थिए।

क) तथ्याङ्कीय क्रियाकलापमा संलग्न नेपाल सरकारका केन्द्रीय निकायलगायत प्रदेश र स्थानीय तहहरूको बिचमा समन्वय स्थापना गरी सङ्घीय संरचना अनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नु,

ख) तथ्यमा आधारित नीति निर्माण तथा विकास व्यवस्थापन र प्रयोगकर्ताको माग सम्बोधन गर्ने विश्वसनीय र गुणस्तरीय तथ्याङ्क उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था मिलाउनु,

ग) तथ्याङ्कीय कार्य व्यवस्थापनका लागि कानुनी र प्रक्रियागत सुधार गरी संस्थागत सुदृढीकरण गर्नु।

## २.२. कार्यान्वयनको स्थिति

यस रणनीति कार्यान्वयनको क्रममा एक प्रभावकारी तथ्याङ्क प्रणाली विकासको लागि आवश्यक कानुनी पूर्वाधार तयार भएको छ। तथ्याङ्क ऐन, २०१५ लाई विस्थापित गरी नयाँ तथ्याङ्क ऐन, २०७९ जारी भएको र तत्कालीन केन्द्रीय तथ्याङ्क विभागलाई नेपाल सरकारको विशिष्ट श्रेणीको सचिवस्तरको नेतृत्वसहितको राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण गरिएको छ। ऐनले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना, विकास र सञ्चालनको जिम्मेवारी दिएको छ। सङ्घीय शासन प्रणालीअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने तथ्याङ्क गतिविधिमा समन्वय कायम गरी कार्य प्रणालीमा सामञ्जस्य ल्याउन, गुणस्तरीय र भरपर्दो, मितव्ययी तथ्याङ्क उत्पादन, वितरण र प्रकाशन गर्ने राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था गरिएको छ। यस्तो व्यवस्थाले सङ्घ, प्रदेश र स्थानीय तहमा स्तरीय तथ्याङ्क गतिविधि हुने वातावरण निर्माण भएको छ।

तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीतिले परिकल्पना गरेअनुरुप एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना र सर्वेक्षण अनुमति प्रणालीको व्यवस्थाको लागि कानुनी पूर्वाधार तयार भएको छ। तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० मा भएका प्रावधानले आधिकारिक तथ्याङ्क व्यवस्थापनमा राष्ट्रिय तथ्याङ्क कार्यालयले नेतृत्वदायी भूमिका खेल्न सक्ने वातावरण बनेको छ। साथै, प्रदेशमा पनि नियामक निकायको व्यवस्था गरी प्रदेश तथ्याङ्क प्रणाली सञ्चालन गर्ने आधार बनेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको पुनर्संरचना र राष्ट्रिय तथ्यगत विवरण (हाल एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल नामाकरण गरिएको) को कार्यान्वयनका सम्बन्धमा आंशिक उपलब्धि हासिल भएको छ। यद्यपि समन्वयको कमी, तथ्याङ्कका विश्वव्यापी सिद्धान्त, विधि, अवधारणा, परिभाषा आदि अवलम्बनमा एकरूपता नहुँदा एकीकृत तथ्याङ्क प्रणाली लागु गर्ने प्रक्रिया आंशिक रूपमा मात्र पूरा भएको देखिन्छ। यसका साथै स्थानीय तहका एकाइहरूबाट नियमित तथ्याङ्क प्रविष्टि गर्ने तथ्याङ्क सेवाको जनशक्ति नहुँदा तथ्याङ्क प्रवाह (Data flow) को

निरन्तरतामा प्रश्न चिन्ह खडा भएको छ। राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्र स्थापना गर्ने कार्य सम्पन्न हुन सकेन।

गत पाँच वर्षको अवधिमा कोभिडको प्रकोप तथा आर्थिक समस्याका बाबजुद राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय कृषिगणना २०७८, नेपाल जीवनस्तर सर्वेक्षण २०७९/०८०, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ जस्ता ठुला गणना तथा सर्वेक्षणहरू सम्पन्न भएका छन्। एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल तथा मेटा डाटा उत्पादन र प्रयोगमा सुधार एवं तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्ने लगायत अन्य नियमित कार्यहरू सम्पन्न भएका छन्।

## २.३. तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, प्रथमको सबल र कमजोर पक्षको विश्लेषण

### २.३.१. सबल पक्ष

- तथ्याङ्क ऐन, २०७९ मा राष्ट्रिय तथ्याङ्क परिषद् र राष्ट्रिय तथ्याङ्क कार्यालयको संस्थागत व्यवस्था गरिएको छ।
- विशिष्ट श्रेणीका प्रमुख तथ्याङ्क अधिकारीको नेतृत्व रहने गरी भएको राष्ट्रिय तथ्याङ्क कार्यालयको स्तरोन्नतिले तथ्याङ्क प्रणालीको क्षेत्रमा समन्वयकारी तथा नेतृत्वदायी भूमिका खेल्न सक्ने एक सबल केन्द्रीय निकाय स्थापित भएको छ।
- वर्तमान विकेन्द्रीत तथ्याङ्क प्रणालीअन्तर्गत सालबसाली राष्ट्रिय लेखाका तथ्याङ्कहरू गार्हस्थ्य उत्पादन, राष्ट्रिय आय, उपभोग, बचत र पुँजी निर्माणका तथ्याङ्कहरू उपलब्ध छन्। आवधिक सर्वेक्षणहरूद्वारा जनसाङ्ख्यिक स्थिति, गरिबीका सूचकहरू, रोजगारी र बेरोजगारीका तथ्याङ्क उपलब्ध हुने गरेका छन्। मासिक मूल्य तथा आयात निर्यातका तथ्याङ्कका साथै शोधनान्तर स्थितिका सूचकहरू पनि नियमित रूपमा प्रकाशित भइरहेका छन्। प्रत्येक दश दश वर्षमा गरिने जनगणना, कृषिगणना, आर्थिक गणनामार्फत तथ्याङ्कको आधार उपलब्ध भइरहेको छ। यसबाट राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य निकाय तथ्याङ्क सङ्कलन, प्रकाशन र वितरण गर्ने विश्वसनीय निकायको रूपमा स्थापित भएका छन्।
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहको दरबन्दी सङ्ख्या राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत २७३ रहेको छ। कर्मचारी समायोजनले राष्ट्रिय तथ्याङ्क कार्यालय, अन्य मन्त्रालय, विभाग, कार्यालय तथा प्रदेशअन्तर्गत समेतको दरबन्दी सङ्ख्यामा परिवर्तन भएको छ।
- विभिन्न स्रोतका तथ्याङ्कहरू नवीनतम विधि प्रयोग गरी एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टललगायतका माध्यममा प्रकाशन गर्ने गरिएको छ।
- तथ्याङ्क सङ्कलन र व्यवस्थापनका नवीन अवधारणा र प्रविधिको उपयोग आरम्भ भएको छ।
- विगत पाँच वर्षमा सञ्चालित तथ्याङ्कीय क्रियाकलापमा सूचना र प्रविधिको उपयोगमा तीव्रता आएको छ।

### २.३.२. दुर्बल पक्ष

- योजना तथा कार्यक्रमको अनुगमनको लागि कतिपय तथ्याङ्कको अभाव कायमै छ। गरिबी, बेरोजगारीका सालबसाली तथ्याङ्क उपलब्ध छैनन्। दिगो विकास लक्ष्य अनुगमन गर्न पहिचान गरेका ३०१ सूचकमध्ये कतिपय सूचकको भरपर्दो आधार तथ्याङ्कको कमी छ।
- प्रदेश तथा स्थानीय सरकारअन्तर्गतका कार्यालयहरूमा तथ्याङ्कीय पृष्ठभूमिका जनशक्ति नगण्य छन्।
- तथ्याङ्कीय क्षमता अभिवृद्धिका प्रयासहरू अपर्याप्त छन्।

- वास्तविक समयका तथ्याङ्क (Real Time Data) उपयोग हुने वातावरण बनेको छैन।
- केही तथ्याङ्कको सङ्कलन र प्रकाशन कार्यमा दोहरोपना र नतिजामा देखिने गरेका विसङ्गतिलाई पूर्ण रूपमा हटाउन सकिएको छैन।
- तथ्याङ्क सङ्कलन कार्यमा आधुनिक प्रविधिको अपेक्षित प्रयोग हुन सकेको छैन। जनगणना तथा सर्वेक्षणमा र अनलाइन माध्यमको प्रयोग सीमित मात्रामा भइरहेको छ।
- सरकारी निकायहरूमा निर्मित अधिकांश सूचना प्रणाली तथा सफ्टवेयरहरूको निश्चित मापदण्ड तथा नियमनको अभावमा सीमित मात्रामा उपयोग भएको देखिन्छ।
- राष्ट्रिय तथ्याङ्क प्रणालीमा सरकारी निकाय र सार्वजनिक संस्थामा भएका सूचना व्यवस्थापन प्रणालीहरूको साझा विद्युतीय सञ्जाल (Common Platform) को स्थापना तथा सञ्चालन हुन सकेको छैन।
- एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल पूर्ण रूपमा उपयोग हुन सकेको छैन।
- राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य कार्यालयमा कार्यरत अनुभवी तथा दक्ष कर्मचारीको सरुवा वा अवकाशका कारण हुने जनशक्ति अभाव पूर्ति गर्ने प्रयास न्यून छ।
- राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य कार्यालयमा तथ्याङ्कीय कार्य तथा प्रयुक्त विधिको संस्थागत स्मृति (Institutional Memory) को परिपाटी प्रभावकारी छैन।
- तथ्याङ्क प्रदायकलाई सचेतना र तथ्याङ्क प्रयोगकर्ताका लागि तथ्याङ्कीय साक्षरतामा सुधार अपेक्षाकृत रूपमा हुन सकेको छैन। तथ्याङ्कीय पैरवी (Advocacy) को प्रयास पर्याप्त छैन।
- तथ्याङ्कसम्बन्धी गतिविधि लागतप्रभावी बनाउने र उत्तरदातामाथिको भार (Respondents' burden) न्यून गर्ने प्रयास अपर्याप्त छ।
- प्रशासनिक अभिलेखलाई तथ्याङ्कमैत्री हुने गरी व्यवस्थापन गर्न सकिएको छैन। प्रशासनिक अभिलेखहरूको सत्यापनको लागि एक सरकारी निकायले अर्को सरकारी निकायसँग स्वचालित प्रमाणिकरण हुनेगरी डाटा एक्सचेञ्ज गर्ने प्रणालीको विकास हुन सकेको छैन।
- कतिपय अवस्थामा तथ्याङ्क उत्पादन आपूर्ति निर्देशित (Supply driven) भएकोले आवश्यक तथ्याङ्कको अभाव कायमै छ।
- प्रशासनिक अभिलेख (Administrative Records) र नागरिक सिर्जित तथ्याङ्कलगायत तथ्याङ्कका वैकल्पिक स्रोतको प्रयोग न्यून छ।
- तथ्याङ्क आदानप्रदानको अभ्यास (Data Sharing Practice) तथा अभिलेख सङ्ग्रह नीति (Archiving Policy) मा अपेक्षित सुधार हुन सकेको छैन।
- तथ्याङ्क संरक्षण गर्नको लागि दीर्घकालीन भण्डार प्रणाली (Back up System) अपर्याप्त छ।
- विभिन्न निकायहरूबाट कुन तथ्याङ्क कहिले सङ्कलन र प्रकाशन हुन्छ भन्ने अग्रिम कार्यतालिका वा पात्रो उपलब्ध छैन। प्रयोगकर्ताको तथ्याङ्कमा पहुँच र प्राप्तिमा आश्वस्त हुने गरी अग्रिम प्रकाशन पात्रो अभ्यासमा ल्याउन सकिएको छैन।
- तथ्याङ्कको क्षेत्रमा आवश्यक अध्ययन अनुसन्धान हुन नसकेको कारण तथ्याङ्क प्रणालीमा आएका नवीनतम प्रविधिलाई आत्मसात गर्न सकिएको छैन।
- तथ्याङ्कका क्षेत्रमा काम गर्ने जनशक्ति विस्तार हुन सकेको छैन। तथ्याङ्कीय जनशक्तिको उत्प्रेरणा न्यून एवं वृत्ति विकासको शृङ्खला कमजोर छ।

- तथ्याङ्क उत्पादन गर्ने कतिपय सरकारी कार्यालयमा तथ्याङ्कीय एकाइ स्थापना नभएको अवस्था छ भने स्वार्थको द्वन्द्व हुने गरी एकै निकायबाट तथ्याङ्क उत्पादन, विश्लेषण एवं उपयोग गर्ने कार्यलाई निरूत्साहित गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयको संस्थागत विकास गर्न सकिएको छैन।

### २.३.३. अवसर

- नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा तथ्याङ्क व्यवस्थापनसम्बन्धी क्रमशः सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार उल्लेख गरिएको तथा अनुसूची ९ मा व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) सम्बन्धी तथ्याङ्क सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा व्यवस्था गरिएकोले कुन सरकारले तथ्याङ्कको क्षेत्रमा के जिम्मेवारी निर्वाह गर्ने भन्ने स्पष्ट उल्लेख भएको हुँदा राष्ट्रिय तथ्याङ्क प्रणालीमा समयसापेक्ष सुधार गर्न सहज वातावरण बनेको छ।
- राष्ट्रिय तथ्याङ्क प्रणाली व्यवस्थित गर्न तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० जारी भएका छन्।
- राष्ट्रिय तथ्याङ्क प्रणालीको सुदृढीकरणमा सरकारको उच्च प्रतिबद्धता रहेको छ। तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति र कार्ययोजना तयार गर्ने र यसैका आधारमा सबै निकायका तथ्याङ्क नियमित आपूर्तिको सुनिश्चितता गर्ने गरिएको छ।
- सूचना सञ्चार प्रविधिका पर्याप्त दक्ष जनशक्ति बजारमा उपलब्ध छन्।
- नेपाल सरकारबाट जनगणना, कृषिगणना, आर्थिक गणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय कार्यहरू सञ्चालनार्थ आधारभूत वित्तीय स्रोतको व्यवस्था गर्ने गरिएको छ।
- तथ्याङ्क प्रदायक, उत्तरदाता र प्रयोगकर्ताबिच संवाद प्रारम्भ भएको छ।
- नेपालको तथ्याङ्कीय विकासमा विकास साझेदारहरू सकारात्मक र सहयोगी छन्।
- तथ्याङ्कीय कार्यको लागि सङ्घ, प्रदेश तथा स्थानीय तहमा वित्तीय साधनको विनियोजन अलग्गै शीर्षकमा हुने परम्पराको थालनी भएको छ।

### २.३.४. चुनौती

- प्रदेश र स्थानीय तहमा तथ्याङ्क प्रणाली विकासका लागि कानुनी व्यवस्था गर्नु।
- प्रदेश र स्थानीय तहमा संस्थागत संरचना र जनशक्तिको पर्याप्त व्यवस्थापन गर्नु।
- सरकारका तीन तह सङ्घ, प्रदेश र स्थानीयबिच कतिपय क्षेत्रको रिपोर्टिङ्ग प्रणाली (Reporting System) नियमित गर्नु।
- वास्तविक समयको तथ्याङ्क (Real Time Data) को मागमा वृद्धि भए अनुरूप गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउन प्रविधि र पूर्वाधारको पर्याप्त व्यवस्थापन गर्नु।
- तथ्याङ्क आदानप्रदानको संस्कृति (Data Sharing Culture) को कमीले ज्ञानको विकास तथा स्रोत साधनको महत्तम उपयोग गर्नु र खुला तथ्याङ्क (Open Data) उपयोग बारे सचेतना अभिवृद्धि गर्नु।
- विभिन्न निकायबाट तथ्याङ्कीय क्रियाकलाप र साना ठुला सर्वेक्षण भइरहेकोले घरपरिवार, प्रतिष्ठान र उत्तरदातामा परेको अत्याधिक भार सम्बोधन गर्नु।
- तथ्याङ्कीय जनशक्तिको लागि व्यावसायिक उत्प्रेरणा जगाउनु।

## परिच्छेद ३

### ३.१. तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (NSDSS – II नयाँ रणनीतिको आवश्यकता

नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (National Strategy for the Development of Statistical System-NSDSS) प्रथमको पाँच वर्षको अवधि समाप्त भइसकेको छ। उक्त रणनीतिको समीक्षाको आधारमा तथ्याङ्क प्रणाली विकासको लागि आगामी पाँच वर्षमा चाल्नुपर्ने कदमहरू पहिचान गरिएका छन्। यस पृष्ठभूमिमा, नेपाल सरकारको सोह्रौं योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं तथ्यमा आधारित नीति निर्माणको निरन्तरताका लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्न र तथ्याङ्कका क्षेत्रमा आएका नवीन अभ्यासहरूको प्रयोग गर्दै एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गरी गुणस्तरीय तथ्याङ्कको समयमा आपूर्ति गर्न आगामी पाँच वर्षको (२०८१/८२-२०८५/८६) लागि दूर दृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा राष्ट्रिय तथ्याङ्क कार्यालयलगायतका निकायहरूको लागि निर्धारित तथ्याङ्कीय कार्यहरूको सूचीसहित तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो तर्जुमा गरिएको छ।

### ३.२. दूरदृष्टि (Vision)

एकीकृत, समन्वयात्मक र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास।

### ३.३. लक्ष्य (Mission)

सुशासन, सामाजिक न्याय र समृद्धिसम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि सङ्घीय शासन प्रणाली सापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने।

### ३.४. उद्देश्य (Objective)

१. सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने।

२. तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबिच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने।

३. तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने।

### ३.५. रणनीति तथा कार्यनीति

**उद्देश्य १. (सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने) सँग सम्बन्धित।**

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| ३.५.१ | तथ्याङ्क ऐन, २०७९ पूर्ण कार्यान्वयनको लागि आवश्यक निर्देशिका र | १. तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० कार्यान्वयनको लागि आवश्यक निर्देशिका एवं कार्यविधि तर्जुमा गर्ने, |

| | | |
|---|---|---|
| | कार्यविधि कार्यान्वयनमा ल्याउने। | २. प्रदेश तथ्याङ्क प्रणाली व्यवस्थापनको लागि प्रदेश तथ्याङ्क ऐन तर्जुमा गर्न समन्वय गर्ने,<br>३. तथ्याङ्क ऐन, २०७९ मा समसामयिक सुधार गर्ने र यससँग बाझिने ऐन तथा नियमावली संशोधन गर्ने,<br>४. तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो कार्यान्वयनका लागि विस्तृत कार्ययोजना स्वीकृत गरी लागु गर्ने। |
| ३.५.२ | एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली व्यवस्थापन गर्ने। | १. सङ्घ, प्रदेश र स्थानीय तहका तथ्याङ्कीय कार्यमा संलग्न निकायबिच समन्वय गरी एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली व्यवस्थापन र सञ्चालन गर्ने,<br>२. तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक तयार गरी लागु गर्ने,<br>३. तथ्याङ्क सङ्कलन अनुमति प्रणाली कार्यान्वयन गर्ने र कार्यान्वयनको लागि आवश्यक संरचना निर्माण गर्ने,<br>४. प्रदेश तथा स्थानीय तथ्याङ्क प्रणाली स्थापनाको लागि पूर्वाधार तयार गर्न सहजीकरण गर्ने,<br>५. एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल स्थापना गरी सञ्चालन गर्ने। |
| ३.५.३ | तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूको संस्थागत सुदृढीकरण गर्ने। | १. राष्ट्रिय तथ्याङ्क कार्यालय तथा मातहतका तथ्याङ्क समन्वय कार्यालयहरूको सङ्गठनात्मक पुनर्संरचना गर्ने,<br>२. प्रदेश सदरमुकाममा रहेका तथ्याङ्क समन्वय कार्यालयलाई स्तरोन्नति गर्ने,<br>३. सरकारी कार्यालयहरूका तथ्याङ्कीय कार्यमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहका कर्मचारीहरूको संलग्नता अभिवृद्धि गर्ने। |
| ३.५.४ | तथ्याङ्कीय मानव संसाधनको व्यवस्थापन गर्ने। | १. राष्ट्रियस्तरमा तथ्याङ्कसम्बन्धी अनुसन्धान तथा प्रशिक्षण कार्यका लागि संस्थागत व्यवस्था गर्ने,<br>२. राष्ट्रिय तथ्याङ्क कार्यालयमा कार्यरत जनशक्तिलाई अन्तरनिकाय र विषयगत क्षेत्र/शाखा हेर्ने गरी Desk Officer तोक्ने व्यवस्था गर्ने,<br>३. तथ्याङ्कीय क्रियाकलापमा संलग्न सबै निकायका कर्मचारीको मनोबल/उत्प्रेरणा बढाउन प्रविधिक ज्ञान, नवीन तथ्याङ्कीय प्रविधिसँग सम्बन्धित तालिमका साथै तथ्याङ्क सेवा प्रवेश र सेवाकालीन तालिम सञ्चालन गर्ने, |

| | | |
|---|---|---|
| | | ४. आधिकारिक तथ्याङ्कीय क्रियाकलाप गर्ने सार्वजनिक निकाय, संस्था र जनशक्तिहरूमा प्रशासनिक कार्य सम्पादन गर्दा तथ्याङ्क व्यवस्थापन कार्य संस्कृति विकास गर्ने,<br>५. विश्वविद्यालयसँग राष्ट्रिय तथ्याङ्क प्रणालीको माग अनुरूप तथ्याङ्कीय जनशक्ति विकासका लागि संयुक्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। |
| ३.५.५ | तथ्याङ्कीय क्रियाकलापको लागि आवश्यक नवीन प्रविधिको (IT) उपयोग गर्ने। | १. गणना तथा सर्वेक्षणसम्बन्धी कार्यमा विद्युतीय अन्तर्वार्ता प्रणाली र मोबाईल एपको प्रयोग विस्तार गर्न क्षमता अभिवृद्धि गर्ने,<br>२. तथ्याङ्कको सुरक्षाको लागि विश्वसनीय भण्डारण/डाटा सेन्टर (Data/Repository Centre) स्थापना र तथ्याङ्क सुरक्षा प्रणाली (Data Security System) को व्यवस्थापन गर्ने,<br>३. आधिकारिक तथ्याङ्कको आदानप्रदान (Data Sharing) गर्न एकद्वार नीतिको लागि पूर्वाधार तयार गर्ने,<br>४. विगतदेखिको सबै प्रकृतिको तथ्याङ्कको प्रविधिमैत्री अभिलेख व्यवस्थापन गर्ने,<br>५. वास्तविक समयमा (Real Time) तथ्याङ्क उत्पादन र प्रयोग सुनिश्चित गर्न आवश्यक सूचना प्रविधि विकासको लागि पूर्वाधार निर्माण गर्ने एवं सोको व्यवस्थापनका लागि कार्यविधि तर्जुमा, मापदण्ड तथा ढाँचा तयार गर्ने,<br>६. बृहत् तथ्याङ्क (Big Data) प्रयोगको लागि आवश्यक पूर्वाधार (विधि, मापदण्ड, ढाँचा तथा आवश्यक विद्युतीय एप्लिकेशन) निर्माण गर्ने। |

**उद्देश्य २. (तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबिच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने) सँग सम्बन्धित।**

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| ३.५.६ | राष्ट्रिय तथ्याङ्क परिषद्को भूमिका सुदृढ एवं प्रभावकारी बनाउने। | १. परिषद्अन्तर्गत आवश्यकतानुसार अन्तरनिकाय कार्य समूहहरू गठन गर्ने,<br>२. निर्धारित तथ्याङ्क प्रणाली लागु गर्ने,<br>३. प्रमुख तथ्याङ्कीय क्रियाकलापको आवधिक तथ्याङ्कीय पात्रो (Statistical Calendar) तयार गरी लागु गर्ने, |

| | | |
|---|---|---|
| | | ४. सङ्घ, प्रदेश तथा स्थानीय सरकार अन्तर्गत सञ्चालन हुने तथ्याङ्कीय क्रियाकलापको लागि आवश्यक वित्तीय, प्राविधिक सहयोग तथा सूचना प्रविधिमा पहुँच वृद्धिको लागि विकास साझेदारसँग समन्वय गर्ने। |
| ३.५.७ | आधिकारिक तथ्याङ्कको गुणस्तर कायम गर्ने। | १. आधिकारिक तथ्याङ्कको गुणस्तरको खाका (National Data Quality Framework) तयार गरी कार्यान्वयन गर्ने,<br>२. तथ्याङ्कको गुणस्तर, शुद्धता र वैधता परीक्षणको लागि कार्यविधि र ढाँचा तयार गरी कार्यान्वयन गर्ने,<br>३. नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र सरकारी सेवा प्रवाहका विविध पक्षमा तथ्याङ्क अभिशासन (Data Governance) अवलम्बन गर्ने,<br>४. तथ्याङ्कीय क्रियाकलापमा निजी क्षेत्रका सङ्घसंस्थासँग सहकार्य र समन्वय गर्ने। |
| ३.५.८ | तहगत तथ्याङ्क आदानप्रदान प्रणाली सुदृढ गर्ने। | १. तथ्याङ्कीय आदानप्रदान (Data Sharing) को प्रक्रिया सरलीकृत गरी तहगत र निकायगत तथ्याङ्क आदानप्रदान प्रणाली सुदृढ गर्ने<br>२. तथ्याङ्क प्रदायक, उत्पादनकर्ता, अनुसन्धान निकाय र प्रयोगकर्ताबिच अन्तर्क्रिया गरी मागमा आधारित तथ्याङ्कको आवश्यकता पहिचान गर्ने<br>३. सङ्घ, प्रदेश र स्थानीय निकायबाट सञ्चालन हुने तथ्याङ्कीय गतिविधि/क्रियाकलाप आवश्यकतानुसार साझेदारीमा सञ्चालन गर्ने। |

**उद्देश्य ३. (तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने) सँग सम्बन्धित।**

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| ३.५.९ | गणना तथा सर्वेक्षण सञ्चालन गरी तथ्याङ्क सङ्कलन तथा आपूर्तिमा सुधार गर्ने। | १. राष्ट्रिय जनगणना २०८८, राष्ट्रिय कृषिगणना २०८८, राष्ट्रिय आर्थिक गणना २०८२ एवं राष्ट्रिय औद्योगिक सर्वेक्षणसम्बन्धी तयारी कार्य तथा गणना सञ्चालन गर्ने,<br>२. नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण आदि निश्चित समय अन्तरालमा सञ्चालन गर्ने, |

| | | |
|---|---|---|
| | | ३. कृषि तथा पशुपन्छीको उत्पादन, उत्पादकत्व आदिको सालबसाली अनुमानको लागि सर्वेक्षण सञ्चालन गर्ने,<br>४. नेपाल तथ्यांङ्कीय व्यावसायिक रजिस्ट्रर (Nepal Statistical Business Register) अद्यावधिक गर्ने,<br>५. सेवा क्षेत्रका सर्वेक्षण तथा अध्ययनहरू सञ्चालन गर्ने,<br>६. मूल्य तथा उत्पादन सूचकाङ्क निर्माणका लागि सर्वेक्षण सञ्चालन गर्ने,<br>७. वातावरण तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने,<br>८. अन्तरगणना जनसाङ्ख्यिक सर्वेक्षण सञ्चालन गर्ने, बसाइँसराइ, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गतासम्बन्धी सर्वेक्षण सञ्चालन गर्ने,<br>९. दिगो विकास लक्ष्यका सूचक अनुगमनका लागि आवश्यक सर्वेक्षण सञ्चालन गर्ने,<br>१०. आवधिक योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कनका लागि आवश्यक देखिएका सर्वेक्षण सञ्चालन गर्ने,<br>११. सर्वेक्षण अनुमति प्रणालीलाई सुदृढिकरण गर्ने,<br>१२. प्रदेशस्तरीय सर्वेक्षण कार्यमा सहजीकरण गर्ने। |
| ३.५.१० | तथ्याङ्क सङ्कलनका वैकल्पिक स्रोत तथा विधिहरू उपयोग गरी आपूर्तिमा सुधार गर्ने। | १. द्वितीय स्रोतका तथ्याङ्क तथा प्रशासनिक अभिलेखहरू सङ्ग्रह तथा प्रशोधन गरी सामाजिक आर्थिक सूचकहरू तयार गर्ने,<br>२. व्यक्तिगत घटना दर्ता प्रणालीबाट प्राप्त सूचनाका आधारमा वास्तविक समय (Real Time Data) को जनसाङ्ख्यिक सूचना प्राप्त हुने व्यवस्था गर्ने,<br>३. वास्तविक समयका तथ्याङ्क उत्पादन र प्रयोगका लागि आवश्यक सूचना प्रविधिको पूर्वाधार निर्माण, व्यवस्थापनका लागि कार्यविधि तर्जुमा तथा ढाँचा तयार गर्ने,<br>४. सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी तथा सार्वजनिक संस्थाहरूका प्रशासनिक अभिलेखलाई तथ्याङ्कमैत्री बनाई तथ्याङ्क उत्पादन गर्ने,<br>५. तथ्याङ्क सङ्कलन कार्यमा नयाँ प्रविधि अवलम्बनको लागि अध्ययन गर्ने, |

| | | |
|---|---|---|
| | | ६. सङ्घीय निकाय, प्रदेश तथा स्थानीय तहमा दर्ता हुने उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरूको एकीकृत लगत प्राप्त हुने सूचना प्रणाली विकास गर्ने,<br>७. विभिन्न सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूसँग रहेका बृहत् तथ्याङ्क (Big Data) प्रयोगको लागि विधि, मापदण्ड, ढाँचा तथा आवश्यक विद्युतीय एप्लिकेसन निर्माण गरी प्रयोगमा ल्याउने,<br>८. नागरिक-सिर्जित तथ्याङ्क (Citizen-generated Statistics) उपयोग गर्ने,<br>९. गणना तथा सर्वेक्षणका आधारमा स्थानीय तहसम्मको लघु क्षेत्र अनुमान (Small Area Estimation) तथा प्रक्षेपण कार्यलाई निरन्तरता दिने,<br>१०. आमप्रयोगकर्ताको तथ्याङ्कमा सहज पहुँचका लागि खुला तथ्याङ्क (Open Data) को अवधारणा अवलम्बन गर्ने,<br>११. तथ्याङ्क सङ्कलन, भण्डारण तथा तथ्याङ्कको आदानप्रदानमा व्यक्तिगत गोपनीयता सुनिश्चित गर्दै तथ्याङ्कीय मूल्य मान्यताको पालन गर्ने परिपाटीको अवलम्बन गर्ने। |
| ३.५.११ | तथ्याङ्क उत्पादन तथा आपूर्तिमा गुणस्तर सुनिश्चित गर्ने। | १. सङ्घ, प्रदेश तथा स्थानीय तहबाट सङ्कलन गरिने तथ्याङ्कमा संयुक्त राष्ट्र सङ्घीय तथ्याङ्क डिभिजनबाट जारी गरिएका आधिकारिक तथ्याङ्कको मूलभूत सिद्धान्तहरूको अनुशरण सुनिश्चित गर्ने,<br>२. नमुना सर्वेक्षण (Sample Survey) को स्तरीकरण र तिनका नतिजाको शुद्धता (Accuracy) कायम गर्न मास्टर स्याम्प्लिङ्ग फ्रेम (Master Sampling Frame) तयार गर्ने तथा भौगोलिक, प्रादेशिक, सहरी, ग्रामीण एवं अन्य सामाजिक वर्गको प्रतिनिधित्व रहने गरी स्तरीकृत नमुना ढाँचा (Standard Sample Design) तयार गर्ने,<br>३. गणना तथा सर्वेक्षणमा प्रयोग गरिने प्रश्नावली निर्माण, सम्पादन, साङ्केतीकरण, प्रविष्टि, तालिकीकरणको कार्यविधि तयार गर्ने,<br>४. व्यक्तिगत घटना दर्ता प्रणाली, मतदाता नामावली र जनगणनाबाट प्राप्त तथ्याङ्कको एकीकरण गर्नुका साथै जनसङ्ख्या रजिस्टर निर्माणको सम्भाव्यता अध्ययन गर्ने,<br>५. राष्ट्रिय लेखा अनुमान, मूल्य तथा उत्पादन सूचकाङ्कको तयारी कार्य प्रदेशस्तरमा गर्ने र आवधिक रूपमा आधार वर्ष परिवर्तनका कार्य गर्ने, |

| | | |
|---|---|---|
| | | ६. राष्ट्रिय लेखा अनुमानका लागि आवश्यक तथ्याङ्कलाई सहजरूपमा प्राप्त गर्न आर्थिक गणनाका तथ्याङ्क, भन्सार तथ्याङ्क, कम्पनी रजिष्ट्रार तथ्याङ्क, उद्योग तथ्याङ्क, सरकारी वित्त तथ्याङ्क आदिसँग अन्तर आबद्धता र एकीकरण गर्ने,<br>७. सरकारी तथा सार्वजनिक संस्थाहरूबाट उत्पादन तथा प्रकाशन भएका तथ्याङ्कको वैधता परीक्षण गर्ने,<br>८. तथ्याङ्क व्यवस्थापनको निरन्तरताको लागि गणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय अनुमान वा प्रक्षेपणका विधिको विस्तृत विवरणसहितको प्रक्रियागत संस्मरण (Procedural History) तयार गर्ने,<br>९. तथ्याङ्क सङ्कलन र व्यवस्थापनका सिप अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,<br>१०. गणना तथा सर्वेक्षणको स्थलगत कार्यमा विद्युतीय अन्तरवार्ता प्रणाली  र मोबाइल एपको प्रयोग विस्तार गर्ने,<br>११. तथ्याङ्क सङ्कलन कार्यमा भू-सूचना प्रणालीका (Geo-reference code) सङ्केत र कोअर्डिनेट्स आबद्ध गरी नक्साको उत्पादन तथा प्रयोगमा सुधार गर्ने,<br>१२. तथ्याङ्कको गुणस्तर अभिवृद्धिसम्बन्धी अध्ययन अनुसन्धान गर्ने,<br>१३. तथ्याङ्कको सुरक्षाका लागि विश्वसनीय भण्डार/डाटा सेन्टर (Data /Repository Centre) स्थापना गर्ने,<br>१४. तथ्याङ्क सुरक्षा प्रणाली (Data Security System) को व्यवस्थापन गर्ने,<br>१५. गणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय क्रियाकलापमा आवश्यकतानुसार प्रत्यक्ष सरोकार रहेका प्रयोगकर्तालाई सहभागी गराउने। |
| ३.५.१२ | प्रयोगकर्तामैत्री तथ्याङ्क सम्प्रेषण, सार्वजनिक तथा वितरण (Dissemination) का अन्तर्राष्ट्रियस्तरमा प्रचलित उत्तम अभ्यासको अवलम्बन गर्ने। | १. सङ्घ, प्रदेश तथा स्थानीय तहसम्मका तथ्याङ्क तथा सूचना एकीकृत रूपमा उपलब्ध गराउने उद्देश्यले एकीकृत राष्ट्रिय अभिलेख प्रणाली कार्यान्वयनको लागि एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल नियमित रूपमा अद्यावधिक गर्ने र यसको लागि सरकारी निकायबाट उत्पादित तथ्याङ्क अनिवार्य रूपमा उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने,<br>२. तथ्याङ्कमा पहुँचको प्रत्याभूति हुने गरी आधिकारिक तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क वितरण कार्यविधि तयार गर्ने तथा उत्पादित |

| | | |
|---|---|---|
| | | तथ्याङ्कलाई स्तरीय रूपमा छापा तथा डिजिटल माध्यमबाट प्रकाशन, प्रसार तथा वितरण गर्ने,<br>३. गणना, सर्वेक्षण तथा द्वितीय स्रोतका तथ्याङ्कहरूका विविध सामाजिक आयाम (जातजाति, लैङ्गिक, अपाङ्गता, सामाजिक आर्थिक समूह, भौगोलिक आदि) को आवश्यकतानुसार विश्लेषण तथा प्रकाशन गर्ने,<br>४. उत्तरदाताको परिचय नखुल्ने वा गोपनीयता कायम हुने गरी गणना तथा सर्वेक्षणहरूको सूक्ष्म कोरा तथ्याङ्क (Micro Data) तथ्याङ्कीय प्रयोजनको लागि उपलब्ध गराउने,<br>५. प्रयोगकर्तामैत्री विश्लेषणको लागि नतिजामा रेखाचित्र, नक्सा, व्युत्पादित तथ्याङ्क (Derived Statistics) सहितको विश्लेषणात्मक विधि अवलम्बन गर्ने,<br>६. नीति तथा योजना निर्माणका लागि केन्द्र तथा प्रदेशहरूमा तथ्याङ्क बैङ्क (Data Bank) स्थापना गरी सञ्चालन गर्ने,<br>७. तथ्याङ्क प्रदायक, उत्तरदाता, उत्पादक तथा प्रयोगकर्ताबिच अन्तरसंवादका कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने,<br>८. तथ्याङ्क उत्पादक संस्थाहरूबिच उत्पादित तथ्याङ्कको आदानप्रदान अभ्यास (Data Sharing Practice) प्रवर्धन गर्ने,<br>९. गणना तथा सर्वेक्षणको नतिजा अध्ययनमा सहजताका लागि मेटाडाटा (Meta Data) उपलब्ध गराउने,<br>१०. तथ्याङ्कीय साक्षरता (Statistical literacy) तथा पैरवी (Advocacy) का कार्यक्रमहरू सञ्चालन गर्ने,<br>११. तथ्याङ्कको अग्रिम प्रकाशन तथा वितरणको समयतालिका (Advance Release Calendar) प्रकाशन गर्ने। |
| ३.५.१३ | तथ्याङ्क सङ्कलन कार्यमा उत्तरदाताको भार (Respondent's Burden) न्यूनीकरण तथा लागत प्रभावी (Cost effective) नीति अवलम्बन गर्ने। | १. विभिन्न सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूबाट भइरहेका एकै प्रकारका सर्वेक्षणहरू सबैको उद्देश्य पूरा हुने गरी एकै निकायबाट सञ्चालन गर्न निर्धारित तथ्याङ्क प्रणाली लागु गर्ने,<br>२. सङ्घ, प्रदेश तथा स्थानीय निकायबाट सञ्चालन हुने तथ्याङ्कीय गतिविधि आवश्यकतानुसार साझेदारीमा सञ्चालन गर्ने,<br>३. अनलाइन तथ्याङ्क सङ्कलन (Online Data Collection) तथा नवीनतम सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन तथा प्रशोधन गर्ने, |

| | | |
|---|---|---|
| | | ४. आन्तरिक र तेस्रो पक्षको सहभागितामा गणना तथा सर्वेक्षणको मूल्याङ्कनलाई संस्थागत गर्ने,<br>५. तथ्याङ्कीय सर्वेक्षण व्यवस्थापन र सर्वेक्षणको गुणस्तर नियन्त्रण बारे सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गर्ने। |
| ३.५.१४ | गुणस्तरीय तथ्याङ्क आपूर्तिको लागि अध्ययन तथा अनुसन्धान कार्यलाई जोड दिने। | १. विश्वविद्यालय एवं अन्य अध्ययन तथा अनुसन्धानात्मक संस्थाहरूको क्षमता सुदृढ गरी गुणस्तरीय तथ्याङ्क सिर्जना र उपयोगको सुनिश्चितता गर्ने,<br>२. केन्द्रीय डाटा बैंक तथा डाटा एक्सचेञ्जको पूर्वाधार तयारीको लागि अध्ययन गर्ने,<br>३. तथ्याङ्कको गुणस्तर अभिवृद्धिसम्बन्धी अध्ययन अनुसन्धान गर्ने,<br>४. विभिन्न तथ्याङ्कीय रजिस्टर निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने र त्यस्ता रजिस्टरलाई जोड्दै डाटा एक्सचेञ्ज प्रणालीको विकास गर्ने,<br>५. बृहत् तथ्याङ्कको प्रयोग बढाउनको लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने,<br>६. नागरिक सिर्जित तथ्याङ्क (Citizen Generated Statistics) उपयोगसम्बन्धी अध्ययन गर्ने। |

## परिच्छेद ४

## निर्धारित तथ्याङ्क प्रणाली व्यवस्थापन

### ४.१. निर्धारित तथ्याङ्क प्रणाली

निर्धारित तथ्याङ्क बारे तथ्याङ्क नियमावली, २०८० मा उल्लेख गरिएअनुसार आगामी पाँच वर्ष (२०८१/८२ -२०८५/८६) को अवधिमा राष्ट्रिय तथ्याङ्क कार्यालय, मन्त्रालय तथा सार्वजनिक संस्थाबाट राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध हुने गरी निम्नानुसारका क्रियाकलाप सञ्चालन गरिने छन्।

### ४.२. राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्धारित क्रियाकलाप

आगामी पाँच वर्ष (२०८१/८२-२०८५/८६) को अवधिमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने क्रियाकलाप निम्नानुसार निर्धारण गरिएका छन्।

### ४.२.१ कानुनी पूर्वाधार तथा संस्थागत सुधारसँग सम्बन्धित क्रियाकलाप

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| १ | तथ्याङ्क नियमावली, २०८० कार्यान्वयन गर्ने तथा प्रदेशस्तरीय तथ्याङ्क ऐन तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्ने। | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | राष्ट्रिय तथ्याङ्क कार्यालयको सङ्गठन सुदृढीकरणको लागि सङ्गठन तथा व्यवस्थापन अध्ययन गर्ने। | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ३ | निर्धारित तथ्याङ्क प्रणालीको कार्यान्वयनका लागि निर्धारित तथ्याङ्क क्षेत्र तथा जिम्मेवार निकाय यकिन गरी कार्यान्वयनका लागि आवश्यक निर्देशिका राष्ट्रिय तथ्याङ्क परिषद्बाट पारित गराउने र कार्यान्वयनको अनुगमन गर्ने। | सङ्घ तथा प्रदेशका मन्त्रालयहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ४ | तथ्याङ्क सङ्कलन अनुमति प्रणाली कार्यान्वयन गर्ने। | प्रदेश सरकारका मन्त्रालय, सङ्घीय मन्त्रालय अन्तर्गतका विभाग तथा सार्वजनिक संस्था |
| ५ | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरूको तथ्याङ्कीय जनशक्तिको समीक्षा, सङ्गठनात्मक सुदृढीकरण अध्ययन प्रतिवेदन तयारी तथा कार्यान्वयन गर्ने। | राष्ट्रिय तथ्याङ्क कार्यालय |

४.२.२ **राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आगामी पाँच वर्षमा तथ्याङ्क उत्पादन तथा आपूर्तिसँग सम्बन्धित निम्नानुसारका क्रियाकलाप सञ्चालन गरिने छन्।**

| क्र.सं. | तथ्याङ्कीय क्रियाकलाप |
|---|---|
| १ | • राष्ट्रिय लेखाको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा सङग्रह गर्ने,<br>• वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा तयार गरी प्रकाशन गर्ने,<br>• उत्पादन, आय, उपभोग, बचत, पुँजी निर्माण आदि समष्टिगत आर्थिक सूचक तथा अनुमानहरू औद्योगिक वर्गीकरणअनुसार चालु तथा स्थिर मूल्यमा सालबसाली तयार गर्ने,<br>• सालबसाली प्रादेशिक लेखा तयारी र प्रकाशन गर्ने,<br>• राष्ट्रिय लेखा प्रणालीले सिफारिस गरेअनुसारका लेखा शृङ्खला (Sequence of Accounts) तयार गर्ने,<br>• राष्ट्रिय लेखा अनुमान विधिबारे विस्तृत निर्देशिका (Manual) तयारी तथा प्रकाशन गर्ने,<br>• राष्ट्रिय लेखा विषयक प्रशिक्षण सञ्चालन गर्ने,<br>• राष्ट्रिय लेखा तथ्याङ्कको लागि आवश्यक सर्वेक्षण सञ्चालन गर्ने,<br>• स्थिर पुँजी निर्माणको अनुमानको लागि लागत संरचना (Cost Structure) तथा स्थिर पुँजी उपभोग (Consumption of Fixed Capital) सम्बन्धी अध्ययन गर्ने,<br>• राष्ट्रिय लेखामा समावेश नभएका उदीयमान आर्थिक क्रियाकलापहरू बारे अध्ययन गर्ने,<br>• राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तनको कार्य गर्ने,<br>• Supply and Use Table तथा Input Output Table को तयारी तथा प्रकाशन गर्ने,<br>• सङ्घीय तथा तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्कीय कर्मचारीहरूलाई राष्ट्रिय लेखाको तथ्याङ्क सङ्कलन विषयक प्रशिक्षण सञ्चालन गर्ने,<br>• नेपालको राष्ट्रिय लेखा प्रणाली अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य बनाउन पछिल्ला संस्करण अवलम्बनको लागि अध्ययन गर्ने। |
| २ | • त्रैमासिक एवं वार्षिक मूल्य तथा उत्पादन सूचकाङ्क तयार गरी प्रकाशन गर्ने<br>  ○ औद्योगिक उत्पादनको उत्पादक मूल्य सूचकाङ्क,<br>  ○ कृषि वस्तुको उत्पादक मूल्य सूचकाङ्क,<br>  ○ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क,<br>  ○ औद्योगिक उत्पादन सूचकाङ्क।<br>• मूल्य सूचकाङ्क तयारी एवं सूचकाङ्कको गुणस्तर वृद्धिसम्बन्धी कार्यक्रम गर्ने<br>  ○ मूल्य तथ्याङ्क सङ्कलन तथा सूचकाङ्क तयारीसम्बन्धी तालिम सञ्चालन गर्ने,<br>  ○ सूचकाङ्क तयारीसम्बन्धी भ्यालिडेसन गोष्ठी गर्ने,<br>  ○ मूल्य सूचकाङ्कको आधार वर्ष परिवर्तनसम्बन्धी कार्य गर्ने,<br>  ○ मूल्य तथ्याङ्क सङ्कलन तथा सूचकाङ्क तयारी विधिसम्बन्धी हातेपुस्तिका तयार गर्ने।<br>• सूचकाङ्क तयारी कार्यलाई प्रविधिमैत्री एवं लागतप्रभावी बनाउनेसम्बन्धी कार्यक्रम गर्ने<br>  ○ सूचकाङ्क तयारीमा सूचना प्रविधि प्रयोग बारेमा सम्भाव्यता अध्ययन गर्ने,<br>  ○ मूल्य तथ्याङ्क सङ्कलन तथा सूचकाङ्क तयारीसम्बन्धी एप्लिकेसन तयार गर्ने, |

| | |
|---|---|
| | ○ मूल्य तथ्याङ्क सङ्कलन तथा सूचकाङ्क तयारीमा वैकल्पिक स्रोतको उपयोगसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने।<br>• सूचकाङ्क तयारीको क्षेत्रलाई विस्तार गर्नेसम्बन्धी कार्यक्रम गर्ने<br>○ सेवा क्षेत्रको उत्पादक मूल्य सूचकाङ्क तयारीसम्बन्धी अध्ययन एवं प्रारम्भिक तयारी कार्यक्रम सञ्चालन गर्ने,<br>○ उपभोक्ता मूल्य सूचकाङ्क तयारी कार्यलाई नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय तथ्याङ्क कार्यालयमा हस्तान्तरण गर्न आवश्यक स्रोत पहिचान, व्यवस्थापन तथा समय तालिकासहितको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने।<br>• क्रयशक्ति समता (Purchasing Power Parity) तयारीको लागि अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparision Program) अन्तर्गत विभिन्न सर्वेक्षण सञ्चालन गर्ने।<br>• प्रदेश सरकारसँगको समन्वयमा नेपाल भारत सीमा क्षेत्रको मूल्य सर्वेक्षण सञ्चालन गर्ने। |
| ३ | • नेपाल आन्तरिक व्यापार सर्वेक्षण सञ्चालन गर्ने,<br>• अन्तर्राष्ट्रिय वस्तु व्यापार सम्बन्धमा आर्थिक अध्ययन गर्ने,<br>• छानिएका सेवा क्षेत्रको International Trade –in- services को अध्ययन सर्वेक्षण गर्ने (नेपाल राष्ट्र बैंकसँगको समन्वयमा),<br>• पर्यटन, स्वास्थ्य, सहकारीलगायतका महत्वपूर्ण क्षेत्रको सेटलाइट लेखा (Satellite Account) तयार गर्ने, |
| ४ | • छानिएका क्षेत्रको जलवायु परिवर्तनसम्बन्धी सर्वेक्षण गर्ने,<br>• Environment Compendium प्रकाशन गर्ने,<br>• वातावरणीय वा पारिस्थितिक लेखा (Eco-system Accounting) सम्बन्धी अध्ययन गर्ने,<br>• फोहर व्यवस्थापन (Solid Waste management)=सम्बन्धी सर्वेक्षण सञ्चालन गर्ने। |
| ५ | • नेपाल जीवनस्तर सर्वेक्षण, २०७९ को नतिजा विश्लेषण तथा प्रकाशन गर्ने,<br>• नेपाल श्रमशक्ति सर्वेक्षण, २०८२/८३ को तयारी, तथ्याङ्क सङ्कलन, प्रकाशन गर्ने,<br>• गरिबी मापन विधिसम्बन्धी निर्देशिका तयार गरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,<br>• सबै गाउँपालिका तथा नगरपालिकाको गरिबीको दरसम्बन्धी लघुक्षेत्र अनुमान (Small Area Estimates) तयार गर्ने,<br>• नेपाल जीवनस्तर सर्वेक्षण र पारिवारिक बजेट सर्वेक्षण एकीकृत रूपमा सञ्चालनसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक अवस्थाको सम्भाव्यता अध्ययन गर्ने। |
| ६ | • राष्ट्रिय जनगणना, २०७८ को थप विश्लेषण गरी नतिजा प्रकाशन गर्ने,<br>• राष्ट्रिय जनगणना, २०७८ को विषयगत प्रतिवेदनहरू (Thematic Reports) तयारी तथा प्रकाशन गर्ने,<br>• राष्ट्रिय जनगणना, २०७८ को प्रक्रियागत संस्मरण तयारी तथा प्रकाशन गर्ने,<br>• जनसङ्ख्या प्रक्षेपण (Population Projection) तयार गर्ने, |

| | |
|---|---|
| | • जनसाङ्ख्यिक सूचक अनुमान विधि (Demographic Techniques) बारे प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,<br>• अन्तरजनगणना नमुना सर्वेक्षण सञ्चालन गर्ने,<br>• यौनिक तथा लैंगिक अल्पसङ्ख्यकसम्बन्धी अध्ययन सर्वेक्षण सञ्चालन गर्ने,<br>• राष्ट्रिय जनगणना, २०८८ को तयारीको लागि जनगणना उपकरण (Tools) बारे अध्ययन गर्ने,<br>• राष्ट्रिय जनगणना, २०८८ को तयारीका कार्य प्रारम्भ गर्ने,<br>• अपाङ्गतासम्बन्धी विस्तृत सर्वेक्षण गर्ने । |
| ७ | • नेपाल बहुसूचक सर्वेक्षण, २०८१ सञ्चालन गर्ने,<br>• नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण एकीकृत रूपमा सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्ने,<br>• समयको उपयोगसम्बन्धी अनलाइन पारिवारिक सर्वेक्षण (Time use survey) सञ्चालन गर्ने,<br>• विभिन्न मन्त्रालय, विभाग तथा अन्य आधिकारिक निकायबाट द्वितीय स्रोतका सामाजिक तथा लैंगिक तथ्याङ्क सङ्ग्रह गर्ने, डाटाबेस सिर्जना गर्ने र वार्षिक सामाजिक तथ्याङ्क प्रकाशित गर्ने,<br>• दिगो विकास लक्ष्य (Sustainable Development Goal) सँग सम्बन्धित सूचकहरू तयार गर्ने,<br>• दिगो विकास लक्ष्य (SDG) सँग सम्बन्धित सुशासनसम्बन्धी सर्वेक्षण गर्ने,<br>• पञ्जीकरण सम्बन्धी तत्समयको तथ्याङ्क (Real Time Data) प्रयोगको लागि गृह मन्त्रालयसँग समन्वय गरी आवश्यक पूर्वाधार तयार गर्ने । |
| ८ | • गणना तथा सर्वेक्षणको लागि आवश्यक गणना क्षेत्र नक्सा (Enumeration area Map) तयारी तथा सर्वेक्षण अनुमति प्राप्त निकाय वा संस्थालाई बिक्री वितरण गर्ने,<br>• भौगोलिक सूचना व्यवस्थापनमा सुधारको लागि आवश्यक पूर्वाधार (Software application) तयार गर्ने,<br>• GIS सम्बन्धी तालिम सञ्चालन गर्ने,<br>• आधारभूत भौगोलिक सूचना सङ्ग्रह तथा सङ्कलन गरी नक्सा अद्यावधिक गर्ने र डाटाबेस सिर्जना गर्ने,<br>• एटलस तयार गर्ने । |
| ९ | • एकीकृत अभिलेख प्रणाली तथा एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल व्यवस्थापन गर्ने,<br>• नेपाल सरकारका विभिन्न निकायबाट सञ्चालित व्यवस्थापन सूचना प्रणाली HMIS, EMIS, AMIS, SMIS) मा सहज पहुँच र एकीकृत प्रयोगको लागि कार्यगत सम्झौता गर्ने,<br>• अनलाइन तथ्याङ्क सङ्कलन बारेमा कुनै क्षेत्र छनौट गरी अध्ययन गर्ने,<br>• केन्द्रीय डाटा बैंक (Central Data Bank) को पूर्वाधार तयारीको लागि अध्ययन गर्ने,<br>• गणना र सर्वेक्षणका लागि आवश्यक पर्ने अनलाइन वा CAPI वा कम्प्युटरमा आधारित डाटा इन्ट्री एप्लिकेसन निर्माण गरी कार्यान्वयन गर्ने,<br>• गणना तथा सर्वेक्षणको लगत प्रशोधनको योजना तयारी तथा कार्य लागु गर्ने वा सहजीकरण गर्ने, |

| | |
|---|---|
| | • बृहत् तथ्याङ्कको प्रयोगको लागि कुनै एक स्रोतको छनौट गरी सम्भाव्यता अध्ययन गर्ने,<br>• राष्ट्रिय तथ्याङ्क कार्यालयमा सूचना प्रविधिको आवश्यक पूर्वाधार तयारीको लागि प्राविधिक, विषयवस्तु विज्ञसहितको समिति गठन गरी अध्ययन गर्ने,<br>• राष्ट्रिय जनगणना, २०८८ लक्षित तथ्याङ्क प्रशोधन विशेषतः डाटा इन्ट्री प्रोग्राम तयारी तथा तालिकीकरण विषयक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। |
| १० | • राष्ट्रिय कृषिगणना, २०७८ को विषयगत विश्लेषण तथा प्रतिवेदन (प्रदेश तथा स्थानीय तहका अनुमानसहित) प्रकाशन गर्ने,<br>• कृषिगणना, २०७८ को नतिजाका आधारमा सबै स्थानीय पालिकास्तरीय अन्नबाली, दालबाली, बागवानी (Horticultural crops) को क्षेत्रफल, उत्पादन अनुमान तयारी तथा प्रकाशन गर्ने,<br>• कृषिगणना, २०७८ को नतिजाका आधारमा सबै स्थानीय पालिकास्तरीय पशुपन्छीको अनुमान तयारी तथा प्रकाशन गर्ने,<br>• व्यावसायिक फलफूल खेती, तरकारी खेती, चिया, कफी खेतीलगायत बागवानी (Horticultural crops) बारे अध्ययन सर्वेक्षण सञ्चालन गर्ने,<br>• व्यावसायिक पशुपन्छीपालन विषयमा अध्ययन सर्वेक्षण सञ्चालन गर्ने,<br>• राष्ट्रिय कृषिगणना, २०८८ को तयारीको कार्य गर्ने। |
| ११ | • राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३ सञ्चालन गर्ने,<br>• सेवा क्षेत्रका प्रतिष्ठानहरूको सर्वेक्षण गर्ने,<br>• अन्य विविध विषयका प्रतिष्ठानको सर्वेक्षणहरू सञ्चालन गर्ने। |
| १२ | • सामुदायिक वन सर्वेक्षण सञ्चालन गर्ने,<br>• सरकारी, कबुलियत र निजी वनबारे तथ्याङ्क सङ्ग्रह, विश्लेषण तथा प्रकाशन गर्ने,<br>• मत्स्य सर्वेक्षण सञ्चालन गर्ने,<br>• सर्वेक्षणहरूका तथ्याङ्कीय र विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने,<br>• प्रमुख बालीहरूको उत्पादन लागत सर्वेक्षण सञ्चालन गर्ने,<br>• विकास लक्ष्यअनुसारका सम्बन्धित सूचकहरू निर्माण गर्ने। |
| १३ | • राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने,<br>• नेपाल तथ्याङ्कीय व्यावसायिक रजिस्टर (Nepal Statistical Business Register) अद्यावधिक गर्ने,<br>• अनौपचारिक क्षेत्रको आर्थिक क्रियाकलापबारे अध्ययन/सर्वेक्षण गर्ने,<br>• राष्ट्रिय आर्थिक गणना, २०८२ को तथ्याङ्कीय र विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने। |
| १४ | • तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रोको कार्यान्वयनको कार्ययोजना तयार गर्ने,<br>• तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति दोस्रोको अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>• राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्ने, |

| | |
|---|---|
| | • प्रदेशस्तरीय तथ्याङ्क विकासको लागि नमुना रणनीति तयार गर्ने,<br>• तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति दोस्रोको मध्यावधि मूल्याङ्कन गर्ने,<br>• स्थानीय तहको वस्तुगत विवरण तयार गर्नको लागि नमुना ढाँचा तयार गर्ने,<br>• तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, तेस्रोको मस्यौदा तर्जुमा गर्ने,<br>• आवश्यकतानुसार UNSC, UNSIAP, UNESCAP SAARCSTAT तथा अन्य अन्तर्राष्ट्रिय सङ्गठनका वार्षिक बैठकमा प्रतिनिधित्व गर्ने। |
| १५ | • तथ्याङ्कीय कार्य क्षमता अभिवृद्धिका लागि सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गर्ने,<br>• सङ्घ, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको लागि तथ्याङ्क व्यवस्थापनको तालिम सञ्चालन गर्ने,<br>• सर्वेक्षण सञ्चालन तथा तथ्याङ्क प्रशोधन तथा व्यवस्थापनसँग सम्बन्धित कम्प्युटर एप्लिकेसन विषयक तालिम (Survey Operation, Sampling Design, CSPro, SPSS, STATA आदि) सञ्चालन गर्ने,<br>• प्रशिक्षणको लागि विज्ञहरूको रोस्टर तयार गर्ने,<br>• विश्वविद्यालय तथा अन्य संस्थासँग क्षमता अभिवृद्धिको विषयमा सहकार्य गर्ने,<br>• तथ्याङ्कीय तालिम आवश्यकता पहिचान सर्वेक्षण सञ्चालन गर्ने,<br>• तथ्याङ्कीय साक्षरता तथा पैरवी अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने। |
| १६ | • राष्ट्रिय तथ्याङ्क कार्यालयबाट नियमित प्रकाशन हुने आवधिक तथा सालबसाली प्रकाशन तयारी तथा प्रकाशन गर्ने।<br>• Nepal Statistical Year Book र Nepal Statistical Pocket Book लाई प्रयोगकर्तामैत्री ढाँचामा प्रकाशन गर्ने,<br>• Nepal in Figures, नेपालको तथ्याङ्कीय झलक, तथ्याङ्क गतिविधि प्रकाशन गर्ने,<br>• उत्पादित तथा संग्रहित तथ्याङ्क वेबसाइटको माध्यमबाट र अन्य विद्युतीय, मुद्रण तथा Interactive Dashboard माध्यमबाट प्रसार गर्ने,<br>• तथ्याङ्क प्रयोगकर्तासँग अन्तरक्रिया सञ्चालन गर्ने,<br>• निश्चित समय अन्तरालमा प्रयोगकर्ता सन्तुष्टि अध्ययन गर्ने,<br>• सञ्चालनमा रहेको पुस्तकालयलाई इ-लाइब्रेरीका रूपमा रूपान्तरण गर्ने,<br>• ऐतिहासिक प्रकृतिका तथ्याङ्कीय दस्ताबेज तथा सामग्री संरक्षणार्थ एक तथ्याङ्कीय सङ्ग्रह कक्ष निर्माण गर्ने। |
| १७ | • तथ्याङ्क सङ्कलन अनुमति प्रणाली कार्यान्वयन गर्ने,<br>• National Data Quality Framewok तयार गरी कार्यान्वयनमा ल्याउने,<br>• Master Sampling Frame तयार गर्ने। |
| १८ | • प्रदेश तथ्याङ्क प्रणालीसँग आधिकारिक तथ्याङ्क उत्पादन र आवश्यक समन्वयका लागि निर्देशिका तयार गर्ने,<br>• अन्तर्राष्ट्रिय वर्गीकरणका आधारमा तथ्याङ्कीय वर्गीकरणहरू तयार गरी अद्यावधिक गर्ने,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तथ्याङ्कीय सम्मेलन आयोजना गर्ने। |

| | |
|---|---|
| | • प्रदेश, जिल्ला तथा स्थानीय तहमा शिक्षा, कृषि, स्वास्थ्य, उद्योग लगायतका विषयगत तथ्याङ्कको एकीकृत स्वरूप वार्षिक रूपमा तयारी र प्रकाशन गरी प्रणालीमा आबद्ध गर्ने। |

### ४.३. अन्य सरकारी तथा सार्वजनिक संस्थाका निर्धारित तथ्याङ्कीय क्रियाकलाप

अन्य सरकारी तथा सार्वजनिक संस्थाबाट यस रणनीतिको अनुसूची -२ मा संलग्न विवरणअनुसार सर्वेक्षण सञ्चालन तथा प्रशासनिक अभिलेख प्रशोधन गरी तथ्याङ्क आपूर्ति गरिने छन्।

### ४.४. प्रदेशस्तरमा गरिने तथ्याङ्कीय क्रियाकलाप

तथ्याङ्क ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने निर्धारित तथ्याङ्क सङ्कलनका कार्यहरू राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रदेश सरकारको सहकार्यमा निम्न कार्यहरू कार्यान्वयन गरिने छन्।

#### ४.४.१ कानुनी व्यवस्था तथा सांगठनिक संरचना सुधारका सम्बन्धमाः

- प्रदेश तथ्याङ्क ऐन नियमावली र तथ्याङ्कीय रणनीति तर्जुमा गर्न सहजीकरण गर्ने,
- प्रदेशस्तरीय तथ्याङ्कीय सर्वेक्षण सञ्चालन र तथ्याङ्क व्यवस्थापन गर्न प्रदेश सदरमुकाममा रहेका तथ्याङ्क समन्वय कार्यालयको स्तरोन्नति गर्ने,
- प्रदेशअन्तर्गतका मन्त्रालय कार्यालय र स्थानीय निकायमा तथ्याङ्क एकाइको व्यवस्था गर्न सहजीकरण गर्ने।

#### ४.४.२ प्रदेशमा तथ्याङ्कीय कार्यमा समन्वय गर्ने सम्बन्धमाः

- प्रदेश सरकारअन्तर्गतका मन्त्रालय तथा कार्यालयबाट सञ्चालन हुने तथ्याङ्कीय क्रियाकलापमा समन्वयको लागि संयन्त्र स्थापित गर्ने
- तथ्याङ्क आपूर्तिलाई व्यवस्थित गर्न स्थानीय सरकारको सशर्त अनुदानसँग जोडिने व्यवस्था गर्ने।

#### ४.४.३. सातै प्रदेशमा तथ्याङ्कीय क्षमता अभिवृद्धि, तथ्याङ्क व्यवस्थापन कार्य सञ्चालन तथा वितरण सम्बन्धमाः

- तथ्याङ्क समन्वय कार्यालयहरूको तथ्याङ्क सङ्कलन प्रशोधन तथा विश्लेषण गर्ने क्षमता अभिवृद्धिको लागि जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने,
- प्रदेश मन्त्रालय कार्यालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको लागि तथ्याङ्क सङ्कलन प्रशोधन तथा विश्लेषण सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
- तथ्याङ्कीय साक्षरता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,
- प्रदेश सरकारका कार्यालयबाट सञ्चालन हुने सर्वेक्षण कार्यको लागि तथ्याङ्क समन्वय कार्यालयबाट प्राविधिक सहयोग उपलब्ध गराउने,
- प्रदेशमा तथ्याङ्कको आवश्यकता पहिचान गर्ने,
- प्रदेश सरकारलाई सर्वेक्षण सञ्चालनमा सघाउने,
- स्थानीय तहबाट हुने तथ्याङ्क सङ्कलन तथा प्रवाहमा सुधार गर्न सहयोग गर्ने,

- राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य सङ्घीय कार्यालयबाट सञ्चालित गणना र सर्वेक्षणका प्रदेशस्तरीय तथ्याङ्क भण्डारण तथा वितरणको व्यवस्था गर्ने,
- प्रदेशस्थित कार्यालयलाई उपलब्ध तथ्याङ्कको थप विश्लेषणका लागि गणना तथा सर्वेक्षणको सूक्ष्म तथ्याङ्क (Micro data) मा पहुँच हुने व्यवस्था गर्ने
- तथ्याङ्कीय जनशक्तिको लागि उत्प्रेरणा तथा वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्ने।

# परिच्छेद ५

## कार्यान्वयन तथा अनुगमन

### ५.१. कार्यान्वयन व्यवस्थापन

यस रणनीतिमा उल्लिखित उद्देश्य, रणनीति, कार्यनीति तथा निर्धारित कार्य आ.व.२०८१/८२ देखि आ.व.२०८५/८६ सम्ममा कार्यान्वयन गर्ने गरी तर्जुमा गरिएको छ। यसको कार्यान्वयनको लागि देहायबमोजिमको अवधारणा, दृष्टिकोण तथा संस्थागत एवं वित्तीय व्यवस्थापन गरिनेछ।

- यस रणनीतिको कार्यान्वयन अनुगमन तथा समन्वयमा राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्वदायी भूमिका रहनेछ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयको सङ्गठनात्मक संरचनाको सुदृढीकरण गरी क्षमता विकास गरिनेछ।
- आधिकारिक तथ्याङ्क उत्पादन गर्ने सबै निकायको लागि तथ्याङ्कसम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गर्दा यस रणनीतिलाई आधार मानिनेछ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले यस रणनीतिको अपेक्षा अनुरूप उपलब्धि हासिल गर्न तथ्याङ्क ऐन २०७९ र तथ्याङ्क नियमावली २०८० अनुसार निर्देशिका कार्यविधि बनाई सङ्घ प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरू तथा सार्वजनिक संस्थाबिच समन्वय र सहकार्य गरिनेछ।
- शासकीय पद्धतिमा तथ्याङ्क अभिशासन (Data Governance) को अनुशरण गर्न नीति निर्माता प्रशासक तथ्याङ्क प्रयोगकर्ता र आमनागरिकमा तथ्याङ्क विकासको रणनीतिप्रति सचेतना र सकारात्मक दृष्टिकोण विकास गर्न प्रचारप्रसार र पैरवीका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- तथ्याङ्कीय गतिविधिमा प्रशासनिक समन्वय कायम गर्न तथ्याङ्कसम्बन्धी कार्य गर्ने निकायहरुमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहका कर्मचारीको संलग्नता अभिवृद्धि गरिनेछ।
- आवश्यकतानुसार सबै मन्त्रालय विभाग तथा कार्यालयमा तथ्याङ्कको सम्पर्क व्यक्ति तोकिनेछ।
- रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि वार्षिक बजेटमा आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।
- तथ्याङ्कीय क्रियाकलापको संस्थागत स्मृति रहने गरी प्रक्रियागत संस्मरण तयार गरिनेछ।
- उत्पादित सबै आधिकारिक तथ्याङ्कको भविष्यमा हुने पुनः प्रयोगका लागि प्रविधिमैत्री अभिलेखीकरण तथा भण्डारण गरिनेछ।
- यो रणनीति कार्यान्वयनको लागि आवश्यकतानुसार विकास साझेदार तथा अन्तर्राष्ट्रिय निकायको सहयोगको लागि पहल गरिनेछ।
- रणनीति कार्यान्वयनको वार्षिक समीक्षा गरिने छ र मध्यावधि मूल्याङ्कन गरिनेछ।
- यस रणनीतिको अनुसूची आवश्यकतानुसार राष्ट्रिय तथ्याङ्क परिषद्ले हेरफेर गर्न सक्नेछ ।

### ५.२. रणनीति कार्यान्वयनमा सम्भाव्य जोखिमको विश्लेषण

रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने समस्या तथा जोखिम यस प्रकार छन्।

- तथ्याङ्क ऐन २०७९ अनुरूपका कार्यविधि तथा निर्देशिका तयारी तथा कार्यान्वयनमा विलम्ब,
- रणनीतिमा उल्लिखित तथ्याङ्कीय गतिविधिमा संलग्न हुने सरकारी निकाय सार्वजनिक संस्थाहरू र निजी क्षेत्रबिच हुनुपर्ने समन्वयको कमी,

- कार्यालयहरूको संरचनात्मक सुदृढीकरणमा विलम्ब,
- सालबसाली रूपमा सञ्चालन गर्ने गरी निश्चित गरिएका सर्वेक्षण गणना तथा अन्य तथ्याङ्कीय क्रियाकलापका लागि नेपाल सरकारबाट पर्याप्त बजेट उपलब्ध नहुने अवस्था,
- विकास साझेदारबाट प्रतिबद्धता जनाइएका योजना' आयोजनाका लागि प्राप्त हुनुपर्ने प्राविधिक एवं वित्तीय सहयोग प्राप्तिमा ढिलाइ एवं व्यवधान
- अन्य स्रोतसाधन तथा दक्ष जनशक्तिको अपर्याप्तता।

# परिच्छेद ६

## प्राथमिकताका क्रियाकलाप

तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति दोस्रोको प्रभावकारी कार्यान्वयनको लागि प्राथमिकताका क्रियाकलाप निम्नबमोजिम हुनेछन्।

### ६.१. कार्यान्वयनका लागि स्पष्ट निर्देशिका तथा कार्यविधि

तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० मा उल्लेख गरिएका प्रावधानहरू कार्यान्वयन गर्न आवश्यक निर्देशिका तथा कार्यविधिहरू तयार पारिनेछ।

### ६.२. राष्ट्रिय तथ्याङ्क परिषद्को सशक्तीकरण

राष्ट्रिय तथ्याङ्क परिषद्को कामलाई प्रभावकारी र सहज बनाउन राष्ट्रिय तथ्याङ्क कार्यालयमा सचिवालय स्थापना गरिने छ। साथै, परिषद् सञ्चालनका लागि कार्यविधि तयार गरी अन्तरनिकाय कार्य समूहहरू गठन गरिनेछन्।

### ६.३. संस्थागत स्मृति र ज्ञानको हस्तान्तरण

राष्ट्रिय तथ्याङ्क प्रणालीलाई प्रभावकारी बनाउन तथ्याङ्कीय क्षेत्रमा कार्यरत कर्मचारीको सिप, अनुभव, र ज्ञान हस्तान्तरण तथा संस्थागत स्मृति विकास गर्नका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

### ६.४. वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन

आवधिक गणना, सर्वेक्षण तथा प्रशासनिक अभिलेख लगायत वैकल्पिक स्रोतहरूको प्रयोग गरी गुणस्तरीय तथ्याङ्क उत्पादन तथा आपूर्ति गरिने छ। साथै, राष्ट्रिय तथ्याङ्क पात्रो र अग्रिम प्रकाशन समयतालिका निर्माण गरी कार्यान्वयन गरिने छ। गणना, सर्वेक्षण, प्रशासनिक अभिलेख र व्यवस्थापन सूचना प्रणालीलाई अन्तर आबद्धता र एकीकरण गरी तथ्याङ्क उत्पादनलाई गुणस्तरीय र लागत प्रभावी बनाइनेछ।

### ६.५. वास्तविक समय तथ्याङ्कको उत्पादन

वास्तविक समयको तथ्याङ्क उत्पादनका लागि सूचना प्रणाली तथा प्रशासनिक अभिलेख प्रणालीको सुधार र एकीकरण गर्न आवश्यक कार्यविधि तथा प्राविधिक ढाँचा तयार गरिने छ। आधुनिक सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिनेछ र परिमार्जित राष्ट्रिय तथ्यगत विवरण एकीकृत तथ्याङ्क पोर्टलको रूपमा विकास गरिनेछ।

### ६.६. प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली

प्रयोगकर्तामैत्री तथ्याङ्क प्रकाशन तथा वितरण नीति लागू गरिनेछ। तथ्याङ्कलाई सहज, सरल र पहुँचयोग्य बनाउन खुला तथ्याङ्क प्रणाली (Open Data System) कार्यान्वयन गरिनेछ।

### ६.७. अनुसन्धान तथा तालिमको लागि संस्थागत व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्क जनशक्तिको क्षमता विकास, तथ्याङ्कीय अनुसन्धान र प्रशिक्षण प्रवर्धन गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ।

### ६.८. प्रदेश तथा स्थानीय तहको क्षमता विकास

प्रदेश र स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धिका लागि प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्यमा आवश्यकतानुसार लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

### ६.९. अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

तथ्याङ्कीय कार्यमा अन्तर्राष्ट्रिय स्रोतको परिचालन गर्न विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरिनेछ।

## अनुसूची १ः

### राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कीय पात्रो, (२०८१/८२—२०८५/८६)

| गणना/सर्वेक्षण/अन्य तथ्याङ्कीय क्रियाकलाप/अध्ययन | सञ्चालन वर्ष | अवधि | मुख्य सूचक |
|---|---|---|---|
| पूर्णगणना **(Censuses)** | | | |
| राष्ट्रिय जनगणना, २०८८ को तयारी | २०८३/८४ देखि सुरु गरिने | प्रत्येक वर्ष | जनसांख्यिक सूचकहरू, घरसङ्ख्या, साक्षरता, आवासको अवस्था, आर्थिक क्रियाकलाप, अपाङ्गता, जातजाति, भाषाभाषीको सङ्ख्या आदि। |
| राष्ट्रिय आर्थिक गणना, २०८२ | २०८२/८३ | | प्रतिष्ठानहरूको सङ्ख्या, दर्ता अवस्था, कामदार सङ्ख्या, वार्षिक बिक्री, खर्च, तलब भत्ता, पुँजी निर्माण आदि। |
| राष्ट्रिय कृषि गणना, २०८८ | २०८४/८५ देखि सुरु गरिने | प्रत्येक वर्ष | कृषि क्षेत्रको संरचना, कृषि चलन, बालीनाली, पशुपन्छी, कृषि सामग्री आदि। |
| सर्वेक्षण **(Surveys)** | | | |
| नेपाल जीवनस्तर सर्वेक्षण (पाँचौं) | २०८४/८५ | | पारिवारिक उपभोग, आय, जीवनस्तर गरिबी मापन आदि। |
| नेपाल श्रमशक्ति सर्वेक्षण (चौथो) | २०८१/८२ | | श्रमशक्ति, रोजगारी र बेरोजगारी, अनौपचारिक रोजगारी, बालश्रम आदि। |
| नेपाल बहुसूचक सर्वेक्षण (चौथो) | २०८१ | मध्यावधि | महिला र बालबालिकाको अवस्थाको समग्र सूचक। |
| नेपाल बहुसूचक प्लस सर्वेक्षण (मध्यावधि सर्वेक्षण) | २०८२ | | NMICS को प्रगति अद्यावधिक गर्ने (In-between NMICS)। |
| राष्ट्रिय औद्योगिक सर्वेक्षण (दोस्रो) | २०८१ | | ठुला औद्योगिक प्रतिष्ठानहरूको उत्पादन, मध्यवर्ती खपत, मूल्य अभिवृद्धि, स्थिर पुँजी आदि। |
| व्यापार सर्वेक्षण (तेस्रो) | २०८४/८५ | | व्यापार मार्जिन आदि। |

| गणना/सर्वेक्षण/अन्य तथ्याङ्कीय क्रियाकलाप/अध्ययन | सञ्चालन वर्ष | अवधि | मुख्य सूचक |
|---|---|---|---|
| आन्तरिक पर्यटन सर्वेक्षण (पहिलो) | २०८२ | | आन्तरिक पर्यटक सङ्ख्या, पर्यटन खर्च, बसाइ अवधि, पर्यटन भ्रमणको उद्देश्य, मुख्य गन्तव्य आदि। |
| समय उपयोग सर्वेक्षण | २०८४ | | विभिन्न क्रियाकलापमा व्यक्तिको समय उपयोग आदि |
| नेपाल सेवा क्षेत्र सर्वेक्षण | २०८४/८५ | औद्योगिक गणनाको बिचमा | स्वास्थ्य सेवा, शिक्षा सेवा, घरजग्गा कारोबार, यातायात, सञ्चार, आवास सेवा र अन्य सेवा। |
| वन सर्वेक्षण तथा माछापालन सर्वेक्षण | २०८१/८२ | | वनले ओगटेको क्षेत्र, वन पैदावार, माछापालनको उत्पादन आदि। |
| तरकारी, माहुरी पालन, फूल खेती, रेशम खेती, चिया, कफी, आदि बागवानी सर्वेक्षण | २०८१/८२ | | रोजगारी, उत्पादन, मध्यवर्ती उपभोग, मूल्य अभिवृद्धि, पुँजी निर्माण आदि। |
| राष्ट्रिय लेखा तथ्याङ्क | | | |
| वार्षिक राष्ट्रिय लेखा अनुमान | वार्षिक | वार्षिक | वार्षिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर, वार्षिक कुल गार्हस्थ्य उत्पादन, उपभोग, खर्च बचत, पुँजी निर्माण। |
| त्रैमासिक राष्ट्रिय लेखा अनुमान | हरेक वर्ष त्रैमासिक | तीन महिना | चौमासिक कुल गार्हस्थ्य उत्पादन वृद्धि दर, चौमासिक कुल गार्हस्थ्य उत्पादन अनुमान। |
| प्रदेशगत कुल गार्हस्थ्य उत्पादन अनुमान | वार्षिक | | प्रदेशको वार्षिक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर, वार्षिक कुल गार्हस्थ्य उत्पादन, उपभोग, खर्च बचत, पुँजी निर्माण। |
| राष्ट्रिय लेखा अनुमान शृङ्खलाको आधार वर्ष परिवर्तन (Rebasing) | वार्षिक | वार्षिक | उत्पादन, मध्यवर्ती उपभोग, मूल्य अभिवृद्धि तथा पुँजी निर्माणको औद्योगिक वर्गीकरण अनुसार नयाँ आधार वर्षको समय शृङ्खला तयारी। |

| गणना/सर्वेक्षण/अन्य तथ्याङ्कीय क्रियाकलाप/अध्ययन | सञ्चालन वर्ष | अवधि | मुख्य सूचक |
|---|---|---|---|
| राष्ट्रिय लेखा प्रणाली अन्तर्गतको अनुक्रमानुसारका मानक लेखा (Sequence of Accounts) | २०८१/८२ | वार्षिक | गार्हस्थ्य उत्पादन, आय, उपभोग, बचत, पुँजी निर्माण, बाह्य क्षेत्र (Rest of the World) का अनुक्रमानिक लेखाहरू। |
| आपूर्ति र उपयोग तालिका (Supply and Use Table) | २०८१/८२ | वार्षिक | राष्ट्रिय लेखा अनुमान |
| आगत - निर्गत तालिका (Input - Output Table) | २०८१/८२ | वार्षिक | राष्ट्रिय लेखा अनुमान |
| मूल्य तथा उत्पादन सूचकको अनुमान | हरेक वर्ष त्रैमासिक | तीन महिना | औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (IPPI)), कृषि उत्पादक मूल्य सूचकाङ्क (APPI), निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क, औद्योगिक उत्पादन सूचकाङ्क (MPI/IIP) |
| प्रकाशनहरू | | | |
| Statistical Year Book | द्वैवार्षिक | बिजोर वर्ष | Statistical Year Book प्रकाशन |
| Statistical Pocket Book | द्वैवार्षिक | जोर वर्ष | Statistical Pocket Book प्रकाशन |
| Nepal in Figures | वार्षिक | वार्षिक | Nepal in Figures प्रकाशन |
| नेपालको तथ्याङ्कीय झलक | वार्षिक | वार्षिक | नेपालको तथ्याङ्कीय झलक प्रकाशन |
| त्रैमासिक तथ्याङ्क बुलेटिन | त्रैमासिक | त्रैमासिक | तथ्याङ्क बुलेटिन प्रकाशन |
| सामाजिक तथ्याङ्क | वार्षिक | वार्षिक | सामाजिक तथ्याङ्क प्रकाशन |
| वातावरण तथ्याङ्क | वार्षिक | वार्षिक | वातावरण तथ्याङ्क प्रकाशन |
| राष्ट्रिय जनगणना, २०७८ को विषयगत विश्लेषणात्मक प्रतिवेदन | २०८१ | | विषयगत प्रतिवेदन (Thematic Reports) प्रकाशन |

| गणना/सर्वेक्षण/अन्य तथ्याङ्कीय क्रियाकलाप/अध्ययन | सञ्चालन वर्ष | अवधि | मुख्य सूचक |
|---|---|---|---|
| कृषिगणना २०७८/७९ को विषयगत प्रतिवेदन | २०८२ | | विषयगत प्रतिवेदन (Thematic Reports) प्रकाशन |
| अन्य तथ्याङ्कीय गतिविधि | | | |
| सेवा व्यापार र (Trade-in- Services) | २०२७ | | सेवाको आयात निर्यात (Trade-in-Services) |
| तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (NSDS 2) | २०२४ | | रणनीतिक आधार'पत्र |
| राष्ट्रिय तथ्यगत विवरण (National Data Profile ) | वार्षिक | वार्षिक | सामाजिक-आर्थिक एवं वातावरणसम्बन्धी तथ्याङ्कीय सूचकको एकीकृत डेटा प्लेटफर्म |
| तथ्याङ्कीय क्षमता विकास | वार्षिक | त्रैमासिक | तालिम प्राप्त मानव संसाधन |
| तथ्याङ्कीय साक्षरता कार्यक्रम | वार्षिक | त्रैमासिक | तथ्याङ्कीय साक्षरता प्रवर्धन |
| तथ्याङ्क प्रयोगकर्तासँग अन्तरक्रिया | वार्षिक | त्रैमासिक | तथ्याङ्कको माग र आपूर्तिबिच तादात्म्य |
| व्यक्तिगत घटना तथ्याङ्क विश्लेषण, जनसाङ्ख्यिक स्याम्लिङ फ्रेम तयारी | वार्षिक | वार्षिक | व्यक्तिगत घटना तथ्याङ्क प्रकाशन, सामाजिक सर्वेक्षणका लागि जनसाङ्ख्यिक फ्रेम। |
| गणना तथा सर्वेक्षणको मूल्याङ्कन | वार्षिक | वार्षिक | कुनै एक गणना वा सर्वेक्षणको मूल्याङ्कन प्रतिवेदन |
| गणनाक्षेत्र नक्सा तयारी | वार्षिक | वार्षिक | गणनाक्षेत्रका नक्सा |
| व्यावसायिक प्रतिष्ठानको तथ्याङ्कीय रजिस्टर | वार्षिक | वार्षिक | व्यावसायिक प्रतिष्ठानको पूर्ण सूची, व्यवसायको सङ्ख्या, व्यवसायमा संलग्न व्यक्तिको सङ्ख्या, पुँजीगत लगानी विवरण आदि। |

## अनुसूची २ः

### अन्य सरकारी तथा सार्वजनिक संस्थाका निर्धारित क्रियाकलाप

अन्य सरकारी तथा सार्वजनिक संस्थाबाट सर्वेक्षण सञ्चालन तथा प्रशासनिक अभिलेख प्रशोधन गरी तथ्याङ्क आपूर्ति गरिरहेका तपसिलका तथ्याङ्किय क्रियाकलापहरू सम्बधित निकायहरूबाट गर्ने गरी तोकिएका छन्।

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| १ | गृह मन्त्रालय | • पञ्जीकरणबाट प्राप्त व्यक्तिगत घटनाः जन्म मृत्यु, विवाह सम्बन्धविच्छेद र बसाइँसराइसम्बन्धी तथ्याङ्कहरू आवधिक रूपमा प्रदेश जिल्ला तथा पालिकाअनुसार प्रकाशन गर्ने,<br>• विपद् व्यवस्थापनसम्बन्धी तथ्याङ्क आवधिक रूपमा उत्पादन तथा प्रकाशन गर्ने,<br>• विपद् व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने,<br>• लागु पदार्थसम्बन्धी तथ्याङ्क आवधिक रूपमा सङ्कलन तथा प्रकाशन गर्ने,<br>• अपराधसम्बन्धी तथ्याङ्क आवधिक रूपमा उत्पादन तथा प्रकाशन गर्ने,<br>• राष्ट्रिय परिचयपत्रलगायत प्रशासकीय प्रक्रियाबाट प्राप्त तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने। |
| २ | कृषि तथा पशुपंछी विकास मन्त्रालय | • कृषि तथा पशुपन्छीसम्बन्धी सालबसाली तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने,<br>• कृषि तथा पशुपन्छी पालनसम्बन्धी लागत सर्वेक्षण गर्ने,<br>• कृषि सामग्रीको परिमाण र मूल्य सर्वेक्षण सञ्चालन गर्ने,<br>• कृषि तथ्याङ्क सङ्कलन निर्देशिका प्रकाशन गर्ने,<br>• पालिकास्तरीय कृषि तथ्याङ्क सङ्कलन अनुमान तथा प्रवाहसम्बन्धी तालिम सञ्चालन गर्ने,<br>• पालिकास्तरका कृषकहरूको सूचीकरण अद्यावधिक गर्ने,<br>• त्रैमासिक रूपमा बालीनालीको स्थिति प्रकाशन गर्ने,<br>• Remote sensing मार्फत मुख्य बालीको क्षेत्रफल तथा उत्पादन अनुमानसम्बन्धी अनुसन्धान गर्ने,<br>• खाद्य वासलात (Food Balance Sheet) तयार गरी खाद्य सुरक्षासम्बन्धी सूचकहरू प्रकाशन गर्ने। |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • सामुदायिक तथा संस्थागत क्षेत्रका विद्यालय सङ्ख्या शिक्षक सङ्ख्या, विद्यार्थी सङ्ख्या आदिको खण्डीकृत तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने,<br>• सामुदायिक तथा संस्थागत विद्यालय प्राविधिक तथा व्यावसायिक विद्यालय र विश्वविद्यालयसँग सम्बन्धित शैक्षिक सूचक निर्माण तथा प्रकाशन गर्ने,<br>• शिक्षा क्षेत्रमा लगानी विशेषतः विद्यालय भवन तथा अन्य पुँजी निर्माणसम्बन्धी सर्वेक्षण सञ्चालन गर्ने, |

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| | | • शैक्षिक व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने। |
| ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • रोजगारी तथा बेरोजगारीसम्वन्धी अध्ययन र अनुसन्धान सञ्चालन गर्ने,<br>• श्रम स्वीकृति श्रम आप्रवासन तथा वैदेशिक रोजगारीसम्बन्धी प्रशासनिक अभिलेखबाट सिर्जित तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने,<br>• सामाजिक सुरक्षा कोषबाट उपलब्ध हुने तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने। |
| ५ | अर्थ मन्त्रालय | • सालबसाली आर्थिक सर्वेक्षण प्रकाशन गर्ने,<br>• सार्वजनिक संस्थानहरूसँग सम्बन्धित विवरण प्रकाशन गर्ने,<br>• कर तथा गैरकर राजस्व आन्तरिक र बाह्य ऋण र Debt Servicing तथा वैदेशिक अनुदानबारे तथ्याङ्क प्रकाशन गर्ने,<br>• Classification of Functions of Government (COFOG) र बजेटको शीर्षकअनुसार साधारण र पुँजीगत खर्चको विवरण नियमित रूपमा प्रकाशन गर्ने,<br>• वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | • विद्युत उत्पादन आपूर्ति उपभोग तथा चुहावट र उपभोक्ताबारे नियमित तथ्याङ्क प्रकाशन गर्ने,<br>• ऊर्जा बिक्रीबाट आय ऊर्जा उत्पादनको व्यय राजस्व जलविद्युतको उत्पादन आयात आन्तरिक उपयोग तथा निर्यातको तथ्याङ्क प्रकाशन गर्ने,<br>• ऊर्जा व्यापारसम्बन्धी तथ्याङ्क नियमित प्रकाशन गर्ने,<br>• विद्युतीय आयोजना निर्माण प्रसारण लाइन निर्माण तथा अन्य पुँजीगत खर्चबारे तथ्याङ्क सङ्ग्रह र प्रकाशन गर्ने,<br>• सिँचाइ आयोजना निर्माण तथा सिँचाइ सुविधासम्बन्धी तथ्याङ्क सङ्कलन एवं प्रकाशन गर्ने,<br>• जल तथा मौसमसम्बन्धी तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने। |
| ७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | • राष्ट्रिय अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रुसम्बन्धी तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्ने,<br>• स्थलमार्ग भई आउने भारतीय पर्यटकको तथ्याङ्क सङ्कलन गर्ने,<br>• सालबसाली पर्यटन तथ्याङ्क (भ्रमणको उद्देश्य कुल पर्यटक आगमन औसत बसाइ औसत खर्च विदेशी मुद्रा आर्जन पर्यटन उद्योगमा भएको लगानी र रोजगारी आदि) बारे तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्ने,<br>• पर्यटकहरू बढी भ्रमण गर्ने पर्यटकीय स्थलको अध्ययन गर्ने,<br>• Centralized Tourism Information Management System व्यवस्थापन गरी पर्यटन तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने, |

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| | | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानमा उपलब्ध सिट होटलका प्रकार र बेड क्षमता र अकुपेन्सी दरसम्बन्धी तथ्याक सङ्ग्रह तथा प्रकाशन गर्ने,<br>• पदमार्गसम्बन्धी तथ्याक सङ्ग्रह तथा प्रकाशन गर्ने,<br>• ट्राभल तथा ट्रेकिंग एजेन्सीसम्बन्धी तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने,<br>• धार्मिक सांस्कृतिक तथा पुरातात्विक सम्पदासम्बन्धी तथ्याङ्क सङ्ग्रह तथा प्रकाशन गर्ने,<br>• विमानस्थल निर्माण एवं सञ्चालनसम्बन्धी लगानी र आम्दानी तथा खर्चको विवरणसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | • Forest Management Information System सञ्चालन गर्ने,<br>• Forest Mapping गर्ने,<br>• जीव वनस्पति तथा जैविक विविधतासम्बन्धी तथ्याङ्क आवधिक रूपमा प्रकाशन गर्ने,<br>• वन क्षेत्र सिमसार क्षेत्र राष्ट्रिय निकुञ्ज क्षेत्र संरक्षण क्षेत्र शिकार आरक्ष क्षेत्र हिमतालसम्बन्धी क्षेत्रफलको अनुमान तयार गरी प्रकाशन गर्ने,<br>• नदीजन्य उत्पादन वन जङ्गल कटान र वृक्षरोपण तथा गैरकाष्ठजन्य वन पैदावारको उत्पादन तथ्याङ्क प्रकाशन गर्ने,<br>• भूक्षय तथा जलउत्पन्न प्रकोपसम्बन्धी तथ्याङ्क प्रकाशन गर्ने,<br>• सालबसाली रूपमा निजी वनबनेलोको क्षेत्रफल र उत्पादन प्रकाशन गर्ने,<br>• वायु प्रदूषणसम्बन्धी विवरण प्रकाशन गर्ने,<br>• वन पैदावारको अवैध ओसारपसारसम्बन्धी तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने। |
| ९ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका व्यवस्थापन सूचना प्रणालीहरू (MIS) एकीकृत गर्ने र प्रयोगकर्तामैत्री बनाउने,<br>• Preventive, Curative, Rehabilatiataive, Promotive स्वास्थ्य सेवासम्बन्धी सालबसाली तथ्याङ्क प्रकाशन गर्ने,<br>• स्वास्थ्य सेवाका संस्थाहरू स्वास्थ्य जनशक्ति तथा स्वास्थ्य सेवामा पहुँच विषयमा सालबसाली तथ्याङ्क प्रकाशन गर्ने,<br>• स्याटलाइट स्वास्थ्य लेखा (Satellite Health Account) तयार गर्ने,<br>• वातावरण स्वास्थ्य र औद्योगिक स्वास्थ्यबारे तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने,<br>• जनसङ्ख्या तथा स्वास्थ्यसम्बन्धी अध्ययन' सर्वेक्षण गर्ने,<br>• जनसङ्ख्या व्यवस्थापनसम्बन्धी तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने। |

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • जग्गाको उपयोग, जग्गाको प्रकार, संरक्षित क्षेत्र, नदी तथा जलक्षेत्र (Water bodies) तथा भौगोलिक नक्सा उत्पादन तथा वितरण सम्बन्धी तथ्याङ्क सङ्कलन र प्रकाशन,<br>• घरपरिवारको स्वामित्वमा रहेको घर तथा जग्गाको स्वामित्वसम्बन्धी विस्तृत तथ्याङ्क व्यवस्थापन गर्ने,<br>• गरिब घरपरिवार परिचयपत्र वितरणसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने,<br>• Poor Household Information Management System सञ्चालन तथा व्यवस्थापन गर्ने<br>• सहकारीसम्बन्धी तथ्याङ्क व्यवस्थित गर्ने तथा प्रकाशन गर्ने। |
| ११ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | • उद्योगसम्बन्धी सूचना प्रणाली (MIS) को प्रयोग गरी उद्योग प्रतिष्ठानसम्बन्धी तथ्याङ्क उत्पादन तथा प्रकाशन गर्ने,<br>• व्यवसाय दर्तासम्बन्धी डाटाबेस अद्यावधिक गर्ने<br>• प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी अद्यावधिक तथ्याङ्क सालबसाली प्रकाशन गर्ने<br>• खनिज उत्खननसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने<br>• पेट्रोलियम पदार्थको आयात मूल्य तथा उपभोगसम्बन्धी तथ्याङ्क नियमित रूपमा प्रकाशन गर्ने<br>• उद्योग वाणिज्य तथा आपूर्ति विषयमा अध्ययन अनुसन्धान गर्ने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • श्रव्यदृष्यसम्बन्धी इजाजत वितरण सङ्ख्या सञ्चार प्रविधिको प्रयोग ब्रोडब्याण्ड सेवा विस्तारसम्बन्धी तथ्याङ्क प्रकाशन गर्ने,<br>• टेलिफोन मोबाइल सेवा तथा प्रयोगकर्ता र कारोबारबारे तथ्याङ्क प्रकाशन गर्ने,<br>• इन्टरनेट सेवा डिजिटल टिभी छापा मिडिया चलचित्र रेडियो सेवाबारे तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने,<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डिजिटल कारोबारसम्बन्धी प्राविधिक अध्ययन गर्ने। |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • सडक पुल कल्भर्ट तुइन आदिबारे विस्तृत तथ्याङ्क अद्यावधिक गरी प्रकाशन गर्ने,<br>• सवारी चालक अनुमतिपत्रसम्बन्धी तथ्याङ्क अद्यावधिक गरी प्रकाशन गर्ने,<br>• भौतिक पूर्वाधारहरू सरकारी भवन सडक पुल आदिको प्रोफाइल (निर्माण मिति अपेक्षित आयु सर्वेक्षण) तयार गर्ने,<br>• पूर्वाधारमा लगानी वित्तीय स्रोतसम्बन्धी तथ्याङ्क प्रकाशन गर्ने। |
| १४ | खानेपानी मन्त्रालय | • खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी तथ्याङ्क लाभान्वित जनसङ्ख्याको तथ्याङ्क सङ्ग्रह तथा प्रकाशन गर्ने |

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| | | • मन्त्रालयअन्तर्गतका संस्थानहरूको वित्तीय विवरण प्रकाशन गर्ने। |
| १५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • सामाजिक सूचना व्यवस्थापन प्रणालीको सुधार गर्ने<br>• बालसुधार गृहमा रहेका बाल गृहमा रहेका सडकबाट उद्धार गरिएका बालबालिकाको सङ्ख्या संरक्षित आश्रममा रहेका ज्येष्ठ नागरिकको सङ्ख्या मानव बेचबिखन तथा ओसारपसारबाट उद्धार गरिएका महिला बालबालिकाको सङ्ख्या लैंगिक हिंसा सम्बन्धी तथ्याङ्क ज्यान जोखिममा परेका सुत्केरी तथा गर्भवती महिलाहरूको आकस्मिक हवाई उद्धार सम्बन्धी तथ्याङ्क पुर्नस्थापना गरिएका असहाय पूर्ण असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या सङ्कलन र प्रकाशन गर्ने<br>• अनुदान प्राप्त पुनर्स्थापना केन्द्र र सङ्घ संस्थाहरूको विवरण अद्यावधिक गर्ने<br>• विभिन्न कोषको लागि प्राप्त स्रोत साधन र खर्चको विवरण प्रकाशन गर्ने<br>• समाज कल्याण परिषद्मा दर्ता भएका सामाजिक सङ्घ संस्थाहरूको कार्यक्षेत्रगत र बजेटसहितको विवरण अद्यावधिक गर्ने<br>• गैरसरकारी सङ्घ संस्थाहरूको लागि प्राप्त वैदेशिक सहयोग' अनुदानको कार्यक्षेत्रगत र बजेटसहितका विवरण सङ्कलन तथा प्रकाशन गर्ने। |
| १६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • सङ्घीय सरकार तथा प्रदेश सरकारमा रहेको कार्यालयअनुसारको दरबन्दी पदपूर्ति तथा रिक्त पद सङ्ख्या अद्यावधिक गरी प्रकाशन गर्ने,<br>• स्थानीय तहमा रहेको दरबन्दी पदपूर्ति तथा रिक्त पद सङ्ख्या सङ्ग्रह गरी प्रकाशन गर्ने,<br>• निजामती कर्मकारीको तलब स्केल र सुविधासम्बन्धी विवरण तथा पेन्सन खर्च औषधी उपचार खर्च आदि सम्बन्धी तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्ने,<br>• निजामती कर्मचारी विवरण प्रणाली अद्यावधिक गर्ने,<br>• सेवा प्रवाह र सुशासन सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण गर्ने। |
| १७ | सहरी विकास मन्त्रालय | • सहरी सड्क तटबन्ध निर्माण सरकारी भवन निर्माण खेल मैदान ढल नाला निर्माण खानेपानी आयोजना सौर्यबत्ती झोलुङ्गे पुल जग्गा विकासको तथ्याङ्क सङ्ग्रह तथा प्रकाशन गर्ने,<br>• बस्ती विकास सहरी करिडोर निर्माण स्थानीय पूर्वाधार निर्माण नदी नियन्त्रण सम्बन्धी तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्ने,<br>• भूकम्प पश्चात् पुनःनिर्माणसम्बन्धी तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्ने। |
| १८ | महालेखा नियन्त्रकको कार्यालय | • त्रैमासिक आय व्यय विवरण (मन्त्रालय विभाग र कार्यालयअनुसार) तलब भत्ता र अन्य साधारण खर्चको अनुमानित तथा संशोधित विवरण प्रकाशन गर्ने |

| क्र.स. | संस्थाको नाम | तथ्याङ्कसम्बन्धी कार्यक्रम |
|---|---|---|
| | | • पुँजीगत खर्चको अनुमानित तथा यथार्थ विवरण सङ्कलन तथा प्रकाशन गर्ने। |
| १९ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | • सङ्घीय बजेटबाट विनियोजन हुने बजेटको आधार आकार सूचकाङ्क तथा अनुदान प्रकाशन गर्ने। |
| २० | नेपाल राष्ट्र बैंक | • वस्तु तथा सेवाको आयात निर्यात सूचकाङ्क तलब तथा ज्यालादर सूचकाङ्क प्रकाशन गर्ने,<br>• वैदेशिक अनुदान ऋण तथा शोधनान्तर स्थिति नियमित रूपमा प्रकाशन गर्ने,<br>• राष्ट्रिय तथ्याङ्क कार्यालयसँगको समन्वयमा उपभोक्ता मूल्य सङ्कलन गरी सूचकाङ्क प्रकाशन गर्ने,<br>• मौद्रिक तथा वित्तीय तथ्याङ्कका साथै वित्तीय संस्थाहरूको विवरण प्रकाशन गर्ने,<br>• प्रत्यक्ष वैदेशिक लगानी विप्रेषणको तथ्याङ्क अद्यावधिक गरी प्रकाशन गर्ने। |
| २१ | त्रिभुवन विश्वविद्यालय लगायत अन्य सरकारी विश्वविद्यालयहरू | • विश्वविद्यालयअन्तर्गतका प्राध्यापक कर्मचारी विद्यार्थी सङ्ख्या अद्यावधिक गरी प्रकाशन गर्ने,<br>• विश्वविद्यालयको आय व्यय विवरणसम्बन्धी तथ्याङ्क अद्यावधिक गरी प्रकाशन गर्ने। |
| २२ | राष्ट्रिय योजना आयोग | • आवधिक योजनाको अनुगमन, मूल्याङ्कन तथा विश्लेषण गरी प्रकाशन गर्ने<br>• बहुआयामिक गरिबी तथा मानव विकास प्रतिवेदन प्रकाशन गर्ने<br>• दिगो विकास लक्ष्यसम्बन्धी उपलब्धिबारे प्रतिवेदन प्रकाशन गर्ने। |
| २३ | ईगभर्नेन्स बोर्ड | • नागरिकका व्यक्तिगत विवरण विभिन्न सरकारी निकायलाई आवश्यकतानुसार प्रणालीगतरूपमा आदान प्रदान गर्न Data Exchange Platform सञ्चालन गर्ने।<br>• नागरिक सेवाकेन्द्रमार्फत प्रदान गरिएका सेवा प्रवाहसँग सम्बन्धित विवरण सङ्कलन तथा विश्लेषण गर्ने। |